
खार्पुनाथ गाउँपालिका

# स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

## Health Emergency, Disaster Preparedness and Response Plan




खार्पुनाथ गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

कर्णाली प्रदेश, नेपाल

स्वीकृत मिति २०७९ मंसिर ६ गते

# भूमिका

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको संकल्पलाई आत्मसाथ गर्दै परिवर्तित उपलब्धि र सोचलाई विकासका लागि रुपान्तरण गर्ने योजना सहित स्वास्थ्यको लागि सक्षम प्रणालिको सहजीकरणमा खार्पुनाथ गाउँपालिका भित्र रहेका स्वास्थ्य समस्या र प्रकोपहरुको विश्लेषण सहितको संकटासन्नता र क्षमताको विश्लेषण गरी यो प्रतिवेदन तयार गरिएको छ । यस विश्लेषणले आगामी दिनमा स्वास्थ्य समस्या, विपद पुर्वतयारी तथा व्यवस्थापनको खाका एवं कार्यदिशा समेत तय गर्नेछ । यस क्षेत्रमा कार्यरत विकास साझेदारहरु, संघसंस्थाहरु, निजि क्षेत्र, सहकारी, सामुदायिक क्षेत्रको सक्रिय भुमिका र गाउँपालिकाको प्रत्यक्ष नेतृत्वदायी भुमिकाले मात्र यसको सफल कार्यान्वयन हुनेछ । संकटासंन्नता तथा क्षमता विश्लेषणले औंल्याएका क्षेत्रहरु, लिएका लक्ष्य र सुझावहरुलाई गाउँपालिकाले आफ्ना बार्षिक बजेट र कार्यक्रम मार्फत सम्बोधन गर्दै लैजाने र भविष्यमा खार्पुनाथ गाउँपालिकामा हुनसक्ने विपद्का घटनाहरुमा कमी हुने र त्यसबाट समुदायमा पर्न सक्ने असर न्युनीकरणमा समेत सघाउ पुग्ने कुरामा विश्वास लिइएको छ । खार्पुनाथ गाउँपालिका यस विश्लेषणात्मक लेखाजोखाबाट प्राप्त सुझावहरुलाई सफल कार्यान्वयनका लागि हरसम्भव प्रयासरत रहने छ । कार्यरत संघसंस्थाहरु समेत यस पक्षको कार्यान्वयनका लागिपर्नुपर्ने देखिन्छ । यस गाउँपालिकामा विपद व्यवस्थापन स्वास्थ्य बिपद व्यवस्थापन लगायतका गतिविधिहरुमा संलग्न भइ कार्य गरिरहेको संस्था स्वास्थ्यको लागि सक्षम प्रणालीलाई महत्वपुर्ण जिम्मेवारी सहितको सिकाई उपलब्धिका लागि धन्यवाद दिँदै आगामी दिनहरुमा पनि विपद पुर्वतयारी र व्यवस्थापनका क्रियाकलापहरुको कार्यान्वयनमा खार्पुनाथ गाउँपालिकाको नेतृत्वमा निरन्तर सहकार्य हुने अपेक्षा गर्दछु। धन्यवाद । अन्तमा, विपद विकास र सुशासनको बिषय भएकोले दिगो विकासका लागि व्यवस्थित स्वास्थ्य संकट र विपद पुर्वतयारी व्यवस्थापनका कार्यहरु हुन जरुरी छ ।

**प्रमुख**

**खार्पुनाथ गाउँपालिका**

Draft

## प्रस्तावना :

नेपाल बाढी, पहिरो, भूकम्प, महामारी, आगलागी, हावाहुरी, चट्याङ्ग, असिना, खडेरी, हिमताल विस्फोट तथा हिमपहिरोको उच्च जोखिममा रहेको मुलुक हो । नेपालमा पछिल्लो दुई दशक यता जलवायुजन्य परिवतर्नका कारण सिर्जित प्रतिकुल प्रभावप्रतिथप संवेदनशील वनाएको छ । यस सन्दर्भमा नेपाल सरकारबाट स्वीकृत “विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६” र “स्थानीय अनुकुलन योजनाको राष्ट्रिय संरचना २०६८” मा व्यवस्था भए बमोजिम विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनको क्षेत्रमा पूर्वतयारी, रोकथाम, अल्पिकरण, प्रतिकार्य, पुर्नस्थापन र पुर्ननिर्माण तथा अनुकुलनको कार्यलाई विशेष महत्व दिइएको छ । यसमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन उत्थानशीलतालाई केन्द्रदेखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा विपद व्यस्थापनलाई मूलप्रवाहीकरण गर्नुपर्ने यथार्थतालाई आत्मसात गरी दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न प्रभावित सबै वर्ग, समुदाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापित हुने गरी स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम परिचालन गर्नुपर्ने आजको आवश्यकता हो । यस प्रक्रियालाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, को मूल भावना तथा मर्मलाई आत्मसात गर्दै स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी विपद् जोखिम न्यूनीकरण र जलवायू परिवर्तन प्रति उत्थानशीलताका विषयहरु समेत समावेश गर्दै “स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८” तथा स्थानीय जलवायु अनूकुलन योजनाको राष्ट्रिय संरचना २०६८ मा व्यवस्था भएका प्रक्रिया एवं विधिहरुलाई एकिकृत तथा सरलीकृत गरी स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७४ लाई पारित गरी नेपाल सरकारबाट लागू गरिएको छ ।

निर्देशिका बमोजिम कर्णाली प्रदेशको हुम्ला जिल्लामा अवस्थित खार्पुनाथ गाउँपालिकाको संकटासन्नता तथा क्षमताको विश्लेषण गरी यो प्रतिवेदन तयार गरिएको छ । यो प्रतिवेदनमा गाउँपालिकाका ५ वटै वडाहरुका वर्ग तथा समुदायसँगको सहभागितामा विस्तृत एवं अन्तर क्रियात्मक छलफल, समन्वयपछि संकटासन्नता तथा क्षमताको विश्लेषण गरि तयार गरिएको हो । अन्त्यमा यो प्रतिवेदनले गाउँपालिका, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू लगायत सबै सरोकारवालाहरुलाई विपद जोखिम न्यूनिकरणका कार्यक्रम गर्न अभिप्रेरित गर्छ भन्ने अपेक्षा गरिएको छ ।

Draft

# विषयसूची


परिच्छेद एक : प्रारम्भिक ....... 3

१.१ पृष्ठभूमि ....... 3

१.२ योजनाको उद्देश्य ....... 3

1.३ योजना तर्जुमा प्रक्रिया ....... 4

१.४ योजनाका तर्जुमा एवम् कार्यान्वयनका आधारभूत मान्यता ....... 5

२.1 खार्पुनाथ गाउँपालिकाको संक्षिप्त परिचय ....... 6

2.२ विगतका विपद्को अवस्था विश्लेषण ....... 9

2.२.२ विगतमा विपद्बाट भएको क्षतिको विवरण ....... 10

2.३ गाउँपालिका प्रमुख र प्राथमिकतामा रहेका प्रकोपहरू ....... 11

2.३.१ प्रकोप स्तरीकरण ....... 2

2.३.१ प्रकोपको मौसमी विश्लेषण ....... 3

2.४ सामाजिक सङ्कटासन्नता विश्लेषण ....... 4

2.५ प्रकोप सङकटासन्नता तथा जोखिम विश्लेषण ....... 5

2.६ सम्भाव्य प्रकोप प्रभाव आँकलन तथा नक्शाङ्कन ....... 6

2.७ सम्भावित विपद् जोखिम विश्लेषण ....... 7

2.८ विपद्को अनुमानित परिदृष्य ....... 9

२.९ गाउँपालिकाको क्षमता विश्लेषण ....... 10

2.१० विषयक्षेत्र तथा कार्य जिम्मेवारी ....... 12

2.१०.1 समन्वय, खोज तथा उद्धार विषयगत क्षेत्र ....... 13

2.१०.२ प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण क्षेत्र ....... 13

2.१०.३ आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामग्री एवम् बन्दोबस्ती विषय क्षेत्र ....... 13

2.१०.4 खानेपानी, सरसफाई तथा स्वस्थता प्रवर्द्धन विषय क्षेत्र ....... 14

2.१०.५ संरक्षण तथा आपत्कालीन शिक्षा विषय क्षेत्र ....... 14

2.१०.६ विपद् लेखाजोखा एवम् सूचना व्यवस्थापन विषय क्षेत्र ....... 15

2.१०.७ जीविकोपार्जन, पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषय क्षेत्र ....... 15

परिच्छेद तीन : पूर्वतयारी तथा प्रतिकार्य योजना ....... 17

3.1 सामान्य पूर्वतयारी योजना ....... 17

३.२ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ....... 18

3.3 आपत्कालीन प्रतिकार्य (कार्यविधि) योजना ....... 23

३.३.७ विपद् लेखाजोखा एवम् सूचना व्यवस्थापन विषय क्षेत्र ....................30

परिच्छेद चार : स्वास्थ्य संकट पूर्वतयारी तथा प्रतिकार्य योजना ....................31

४.१ स्वास्थ्य संकट पूर्वतयारी कार्ययोजना ....................32

४.२ स्वास्थ्य संकट प्रतिकार्य कार्ययोजना ....................34

परिच्छेद पाँच : कार्यान्वयन अनुगमन तथा सिकाई योजना ....................36

५.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन रणनीति ....................36

५.४ अन्य निकायसँगको समन्वय र सहकार्य ....................37

५.५ अनुगमन, मूल्याङ्कन तथा सिकाई ....................37

५.५.१ अनुगमन तथा मूल्याङ्कन समिति ....................37

५.५.२ लक्ष्य र सूचकहरू ....................38

अनुसूची-१ : स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरूको विवरण ....................41

अनुसूची-३ : उपलब्ध स्रोत साधनहरूको विवरण ....................43

अनुसूची-४: अनुगमन तथा मूल्यांकन फारम ....................49


Draft

# परिच्छेद एक : प्रारम्भिक

## १.१ पृष्ठभूमि

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको मूलभूत उद्देश्य विपद्बाट हुने मृत्युदर तथा प्रभावितहरुको सङ्ख्या उल्लेख्य रूपमा घटाउनु, अन्य विपद् वा महामारीका कारण उत्पन्न हुनसक्ने स्वास्थ्य संकटको रोकथाम एवम् व्यवस्थापन गरी मानवीय क्षति न्यूनीकरण गर्नु, कृषि उद्योग, सडक, सञ्चार, खानेपानी एवम् सरसफाईका संरचना तथा स्वास्थ्य र शिक्षाका पूर्वाधार एवम् सेवामा विपद्का कारणबाट हुने क्षति तथा नोक्सानी घटाउँदै तिनीहरूको उत्थानशीलता बढाएर विकासको दीगोपनालाई स्थायित्व दिनु र विकास तथा पूर्वाधार निर्माणमा गरिएको लगानीलाई सुरक्षित गर्नु हो । तीनवटै तहका सरकारको अधिकार बाँडफाट सम्बन्धी संवैधानिक व्यवस्था, विपद् जोखिम न्यूनीकरण तथा व्यावस्थापन ऐन, २०७४ को दफा १७ (२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यावस्थापन नियमावली, २०७५ को दफा ८ (१) एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) न तथा ११ (४) ख (१५) र स्वास्थ्य सेवा ऐन २०७५ को दफा ४८ मा प्रवन्ध गरिए बमोजिम स्थानीय तहको विपद् एवम् स्वास्थ्य संकट व्यवस्थापन सम्बन्धमा तोकिएको काम कर्तब्य र अधिकार एवम् विपद् जोखिम न्यूनीकरण तथा व्वस्थापन राष्ट्रिय नीति, २०७५ तथा रणनीतिक कार्ययोजना, २०१८-२०३० को लक्ष्य र मार्गदर्शन एवम् नीतिगत र कानूनी आधार र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ को पहिलो संशोधन २०७६ ले तय गरेको विधि र प्रकृया बमोजिम गाउँको स्वास्थ्य संकट एवम् विपद् प्रतिकार्यलाई चुस्त तथा प्रभावकारी बनाउन र त्यसको लागि आवश्यक पूर्वतयारी गर्न यस खार्पुनाथ गाउँपालिकाको स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरिएको छ ।

## १.२ योजनाको उद्देश्य

विपद् एवम् स्वास्थ्य संकटको समयमा प्रभावितहरूको जीवन रक्षा सम्पत्ति तथा जनधनको सुरक्षा र संरक्षण गरी मानवीय संकटको सामना तथा प्रभावकारी प्रतिकार्य गर्न स्थानीय स्रोत साधन र प्रविधिको उपयोग गर्दै आघातमा परेका व्यक्ति तथा समुदायलाई उचित मानवीय सहायता सुनिश्चित गर्नु र प्रकोपको रोकथाम तथा विपद् जोखिम न्यूनीकरणका लागि गाउँको स्रोत साधन एवम् क्षमता वृद्धि गर्दै विपद् जोखिम तथा स्वास्थ्य संकट व्यवस्थापन पद्धति, संरचना र प्रकृयालाई जवाफदेहीपूर्ण ढंगले परिचालन एवम् कार्यान्वयन गरी खार्पुनाथ गाउँपालिकालाई उत्थानशील तथा सुरक्षित गाउँको रूपमा विकास गर्नु यस योजनाको प्रमुख उद्देश्य हो भने यसका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

1= स्वास्थ्य संकट एवम् विपद्बाट हुने क्षति तथा नोक्सानी घटाउनु र प्रभावित हुने व्यक्ति, परिवार तथा समुदायलाई उपयुक्त मानवीय सहायता सुनिश्चित गर्नु ।

2= गाउँपालिकामा स्वास्थ्य संकट एवम् विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारीका गतिविधिहरूलाई व्यवस्थित र समन्वयात्मक रूपमा कार्यान्वयन गर्नु ।

Draft

3= स्वास्थ्य संकट एवम् विपद् प्रतिकार्य तथा पूर्वतयारीका लागि स्थानीय साधन स्रोतको अधिकतम् परिचालन गर्नु ।


4= विपद् पूर्वतयारीलाई प्राथमिकताका साथ कार्यान्वयन गरी विपद् पछि उद्धार राहतका लागि हुने खर्च घटाउनु ।

5= विभिन्न सरोकारवाला निकाय तथा संस्थाहरूसँगको समन्वय र सहकार्यमा गाउँको स्वास्थ्य संकट एवम् विपद् प्रतिकार्य पद्धति, संरचना तथा समग्र क्षमता सुदृढ गर्नु ।

6= विषयगत क्षेत्रका आधारमा गाउँको विपद् न्यूनीकरण तथा व्यवस्थापन क्षमता बढाउँदै क्षेत्रगत तथा नियमित विकास कार्यक्रम मार्फत स्वास्थ्य संकट एवम् विपद् जोखिम न्यूनीकरणलाई निरन्तरता दिनु ।

## १.३ योजना तर्जुमा प्रक्रिया

खार्पुनाथ गाउँपालिको स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ को पहिलो संशोधन, २०७६ ले तय गरेको प्रकिया बमोजिम तर्जुमा गरिएको हो । यस गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउने सन्दर्भमा २०७८ फाल्गुन ११ गते गाउँ विपद् व्यवस्थापन समितिको बैठकमा छलफल भयो । यस बैठकले स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने निर्णय गर्‍यो । स्वास्थ्यको लागि सक्षम प्रणालीले गाउँपालिकालाई स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्न प्राविधिक सहयोग उपलब्ध गराउने सहमति बमोजिम गाउँपालिका र स्वास्थ्यको लागि सक्षम प्रणालीका प्रतिनिधि रहेको योजना मस्यौदा समिति निर्माण भयो । विधि, प्रक्रिया र कार्यतालिका तय गरी योजना तर्जुमाको प्रक्रिया शुरू गरियो ।




गाउँ विपद् व्यवस्थापन समिति, वडाध्यक्षहरु र सरोकारवालाहरूबीचमा छलफल गरी गाउँपालिकाको सङ्कटासन्नता तथा क्षमताको लेखाजोखा गरियो । यही छलफलबाट विषयगत क्षेत्रको पहिचान गरी पाँच वटा विषयगत क्षेत्र निर्धारण गरियो । सङ्कटासन्नता तथा क्षमता विश्लेषणका आधारमा पूर्वतयारी र प्रतिकार्यका क्रियाकलापहरू निर्धारण गरियो । त्यसपछि विषयगत क्षेत्र र संयुक्त योजना तर्जुमा बैठकहरू सञ्चालन गरी त्यसका आधारमा योजनाको मस्यौदा तयार गरियो । सरकारवालाहरूको बैठक आयोजना

Draft

गरी मस्यौदामाथि छलफल र पृष्ठपोषण लिने काम भयो । प्राप्त पृष्ठपोषण समेतलाई समेटेर योजनाको अन्तिम मस्यौदा तयार गरियो । यस प्रकार खार्पुनाथ गाउँपालिकाको स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा भएको हो ।

## १.४ योजनाका तर्जुमा एवम् कार्यान्वयनका आधारभूत मान्यता

१. गाउँपालिका क्षेत्रमा गरिने स्वास्थ्य संकट एवम् विपद् जोखिम न्यूनीकरण, व्यवस्थापन, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्निर्माणका सबै गतिविधिहरू गाउँपालिकाको नेतृत्वमा हुनेछन् ।

२. विपद् प्रतिकार्य तथा पूर्वतयारी कार्यमा कहिँ कतै रिक्तता हुन नदिन र सन्तुलित कार्यान्वयनको लागि पाँच वटा विषयगत क्षेत्र (Cluster) को प्रवन्ध गरिएको छ । यस गाउँपालिकामा कार्यरत सबै सरोकारवाला निकायहरू तथा संस्थाहरूले आफ्नो कार्यक्षेत्र बमोजिम सम्बन्धित विषयगत क्षेत्रसँगको समन्वयमा प्रतिकार्य र पूर्वतयारीका गतिविधिहरूमा सहयोग गर्नेछन् ।

३. विपद् पूर्वतयारीको काम, विपद् एवम् स्वास्थ्य संकट प्रतिकार्य तथा मानवीय सहायताका लागि गरिने सहयोग एकद्धार नीति बमोजिम गाउँपालिकाको स्वीकृत मापदण्ड र प्रक्रिया अनुसार हुनेछ ।

४. विपद् प्रतिकार्य तथा पूर्वतयारीको काम विषयगत क्षेत्रको समन्वय तथा गाउँपालिकाको नेतृत्वमा हुनेछ र लेखाजोखा, सूचना व्यावस्थापन, श्रोत परिचालन तथा व्यवस्थापन एकिकृत पद्धति अनुरूप हुनेछ ।

५. समुदाय, सामाजिक संस्था तथा सरकारी निकायहरूको स्वास्थ्य संकट एवम् विपद् प्रतिकार्य क्षमता विकास गरी गाउँपालिकाको समग्र विपद् व्यवस्थापन क्षमता सुदृढ गरिनेछ ।

६. स्वास्थ्य संकट एवम् विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यको काम स्थानीय सरकारको नेतृत्व तथा समन्वय, सामाजिक तथा नागरिक क्षेत्रको सहयोग र नीजि क्षेत्रसँगको साझेदारीमा हुनेछ ।

७. स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी र प्रतिकार्यका गतिविधि तथा मानवीय सहायताका कार्यहरू सुशासनको मान्यता अनुरूप पारदर्शी, सहभागीतामूलक र समावेसी हुनेछन् ।

८. स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी, प्रतिकार्य तथा मानवीय सहायताका गतिविधिहरू मानवता, तटस्थता, निष्पक्षता र स्वतन्त्रता जस्ता मानवीयताका मुलभूत सिद्धान्तमा आधारित हुनेछन् ।

९. विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा समग्र विपद् एवम् स्वास्थ्य संकट व्यवस्थापनमा उपलब्ध स्थानीय श्रोत तथा जनशक्तिको अधिकतम प्रयोग र परिचालनको नीति लिइनेछ ।

१०. विपद् जोखिम न्यूनीकरणका तथा स्वास्थ्य संकट व्यवस्थापनका प्राथमिकता प्राप्त कार्यहरूलाई क्षेत्रगत विकासका नियमित गतिविधिहरूसँग एकिकृत गरी विकासमा मूल प्रवाहीकरण गर्दै गाउँको उत्थानशीलता विकास गरिनेछ

Draft

# परिच्छेद दुई : विपद् जोखिम व्यवस्थापनको अवस्था

## २.1 खार्पुनाथ गाउँपालिकाको संक्षिप्त परिचय

नेपाल प्रकोपका हिसाबले विश्वमा २० औं स्थानमा रहेको मलुक हो । यहाँ बाढी, पहिरो, भूकम्प, महामारी, आगलागी, हावाहुरी, चट्याङ्ग, असिना, खडेरी, हिमताल विस्फोट तथा हिमपहिरोको उच्च जोखिम रहेको छ । भौतिक भूगोलको हिसाबले नेपाललाई तराई, पहाड र हिमाल गरी तीन भागमा बाँडिएको छ । हिमाली क्षेत्रमा पर्ने कर्णाली प्रदेश अन्तर्गतको हुम्ला जिल्लाले दुर्गम जिल्लाको परिचय वनाएको छ । हुम्ला जिल्लालाई प्रसाशनिक सिमकोट गाउँपालिका, खार्पुनाथ गाउँपालिका, चँखेली गाउँपालिका, अदानचुली गाउँपालिका, ताजाकोट गाउँपालिका, सर्केगाड गाउँपालिका गरि ७ वटा गाउँपलिकामा वाँडिएको छ ।

हुम्ला जिल्लाको सदरमुकाम सिमिकोट देखि पूर्वी भेगमा रहेको यो गाँउपालिकाको नामाकरण यसै क्षेत्रको प्रसिद्ध पर्यटकीय तथा धार्मिक स्थल खार्पूनाथ मन्दिरको नामबाटनै खार्पूनाथ गाँउपालिकाको नामाकरण गरिएको हो । साबिकका लाली, राया, छिप्रा र खार्पूनाथ गाविस सहितका ४ गाविस मिलेर यो गाउँपालिका बनेको छ । नामाकरण सन्दर्भमा हालको वडा नं. ५ को खार्पूदोभान स्थित सत्यदेवीको काख पतन भएको स्थान र त्यतिबेला काखलाई खार भनिने हुनाले खारबाट खार्पूनाथ रहन गएको किंवदन्ति छ । प्रसिद्ध कर्णाली र गौरी नदिको दोभानमा रहेको खार्पूनाथ मन्दिरलाई पशुपतिनाथ मन्दिरकै रुपमा चिनिन्छ । मानसरोवर जाने तिर्थयात्रीले अनिवार्यरुपमा खार्पूनाथको दर्शन गर्नुपर्ने लोकोक्ति रहेको छ । नेपालका प्रथम जगतगुरु श्री बालसन्त मोहनशरण देवले पनि यस लोकोक्तिको पुष्टी गरेका छन् । यस गाँउपालिकाका प्रमुख धार्मिक तथा ऐतिहासिक गन्तब्य स्थलहरु हुन । यस गाँउपालिकामा प्राकृतिक रुपमा सुन्दर रमणीय रहेका बिभिन्न सम्पदाहरु पाइन्छन । गाँउपालिकाको जम्मा क्षेत्रफल ८७४.६२ बर्ग किलो मीटर छ । यस गाँउपालिकाको केन्द्र वडा नं. ५ को याङ्चु बेसीमा रहेको छ । यस गाँउपालिकाको पूर्वमा चंखेली गाउँपालिका पर्दछ भने पश्चिममा सिमकोट गाउँपालिका, उत्तरमा चिनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा सर्केगाढ गाउँपालिका पर्दछ ।

खार्पूनाथ गाँउपालिकामा कुल १,५४५ घरधुरी र ६,९७५ जनसंख्या रहेको छ । कुल जनसंख्याको ४९.७% अर्थात ३,४६५ पुरुष रहेका छन भने ५०.३% अर्थात ३,५१० पुरुष रहेका छन्(स्रोत: राष्ट्रीय जनगणना प्रारम्भीक सर्वेक्षण, २०७८) । यस गाउँपालिकाका ५ वडाका कुल ३२ वटा बस्ती मध्ये सबै भन्दा धेरै बस्ती वडा नं २ मा १० बस्ती र सबै भन्दा कम बस्ती वडा नं १ मा ४ एवं वडा नं ४ मा ४ वटा बस्ती रहेका छन्। जनसंख्याको हिसावले सबै भन्दा ठूलो बस्ती वडा नं ५ स्थित खर्पेलगाउँ र सबैभन्दा सानो बस्ती वडा नं २ को पारीबजेडी थाली पर्दछ ।

गाँउपालीका प्रोफाईल २०७५ अनुसार यस गाँउपालिकामा मुख्यगरी क्षेत्री ३८.६२%, ठकुरी ३०.६५%, व्ारम्हण ३.७५%, दलित १४.७१% रहेका छन्। बाँकी बिस्तिृत विवरण तल तालिकामा दिइएको छ ।

| क्र स | जाति | जम्मा घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १ | क्षेत्री | ५०४ | ३८.६२ |
| २ | ब्राह्मण | ४९ | ३.७५ |
| ३ | सार्की | ९ | ०.६९ |
| ४ | कामी | ७ | ०.५४ |
| ५ | दमाई | १० | ०.७७ |
| ६ | तामाङ | ४ | ०.३१ |
| ७ | ठकुरी | ४०० | ३०.६५ |
| ८ | घर्ती | १ | ०.०८ |
| ९ | दलित | ८३ | १४.७१ |
| १० | लामा | २ | ०.१५ |
| ११ | अन्य | ११९ | ९.१२ |
| १२ | नखुलेको | ८ | ०.६१ |
| जम्मा | | १३०५ | १०० |

यस गाँउपालिकाका अधिकांश घरधुरीहरुको मुख्य पेशा कृषि तथा पशुपालन हो । यस गाँउपालिकाको पाश्र्वचीत्र २०७५ अनुसार कृषिमा ३६.१% जनसङ्ख्या संलग्न छन्भने गैह्रकृषि ब्यवसायमा ३.१% जनसङ्ख्या संलग्न रहेका छन्। गैह्रकृषि ब्यवसायमा नोकरीमा २%, ब्यापारमा ०.६९ %, दैनीक ज्यालादारीमा ०.२३ % र बैदेशीक रोजगारीमा ०.१७ % जनसङ्ख्या संलग्न रहेका छन्।

गाउँपालिकाको कुल क्षेत्रफल ८७४.६२ वर्ग कि.मि.मध्ये करीब १२१.४७ बर्ग किमि अर्थात् १३.८९ प्रतिशत वनक्षेत्र रहेको छ । जस अनुसार १२.१७ घाँसे भूमि वा खर्क क्षेत्र रहेको छ । यहाँ डाँफे, मुनाल, च्याखुरा,फक्रास जस्ता चराचुरुङ्गी र घोरल, जङ्गली याक, झारल, थार, नाउर र कस्तुरी जस्ता जनावर एवं लौठ सल्लो, भोज पत्र, उत्तिस जस्ता वनजन्य वनस्पति स्याउ तथा ओखर जस्ता फलफुल आदि पाइने गर्दछ । जंगल क्षेत्रमा पाइने प्रमुख जडिबुटीका रुपमा पाखनबेद, सतुवा, बिषजडि, बायोजडी, भुल्ते कटुकी, बन कमल, पाँच औले आदि रहेका छन्। हालका बर्षहरुमा जडिबुटिहरुको उत्पादनमा कमि आएको छ ।गाँउपालिकाको मुख्य भूउपयोग क्षेत्रमा खेतीयोग्य जमिन, वनजंगल, पाटन र खर्क, बाँझो जमिन, खोलानाला तथा पानीले ढाकेको क्षेत्र र हिँउले ढाकेको क्षेत्र रहेको छ ।

यस गाँउपालिकामा अवस्थित मुख्य नदीनालाहरुमा कर्णाली नदि, लाली खोला, कारङ्ग खोला, छडि खोला, घट्टे खोला र ह्यामा खोला रहेका छन्। यस गाँउपालिकामा अन्य ससाना खोलाहरुमा कुवाकोटी खोला, नागडा खोला, कालागाड खोला, अन्दार खोला, लोचा खोला, ग्याग्रु खोला, चुवा खोला, फुनेछहडा खोला, बेउले खोला, ठुलो खोला, मजाल खोला, भालुदुला खोला, पन्यारी पाटा खोला रहेका छन्र सबै खोलाहरु कर्णाली नदीमा गएर मिसिन्छन्। तालहरुमा दुधेदह, दुधकुण्ड ताल, राक्षस ताल रहेका छन्।

यस गाँउपालिका प्रत्यक्ष रुपमा सिमिकोटसँग सडक सञ्जाल जोडिन सकेको छैन । दोजाम कर्णाली नदिमा पक्की पुल निर्माण नभएकाले प्रत्यक्ष्य रुपमा सिमिकोट सँग जोडिएको छैन । कर्णाली करिडोर अन्तर्गत सिमकोट, खार्पू हुदै याङ्चुसम्म गाडी सञ्चालन र बाँकी भागमा सडक निर्माणाधिन रहेको छ । खार्पूनाथ देखि दुर्पा,मारुघोर हुदै रोडिकोट सम्म करिब २१ किमि जिल्ला सडक निर्माणाधिन रहेको छ । नदि तथा खोलाहरुमा पुल तथा साँघु निर्माण भइरहेका छन्। टेलिफोनबाट संचार सुविधा तथा ईमेल र ईन्टरनेट सुविधाको विस्तार हुँदै गरेको । उर्जाको रुपमा सोलार तथा विद्युतको उपयोग एवं माइक्रो हाइड्रो तथा पिको हाइड्रो हरु बन्दै गरेको । यस गाउँपालिकामा आधारभूत देखि माध्यामिक शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था रहेका छन जसमा ५ वटा मा.वि., १२ वटा आ.वि गरी जम्मा १७ वटा शिक्षण संस्थाहरु संचालित छन्। अध्ययनका लागि यस गाउँपालिकाका शैक्षिक संस्थाहरुमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिकाबाट आउने गरेका छ।

**तालिका १: जनसंख्या उमेरका आधारमा खार्पुनाथ गाउँपालिकाको जनसाङ्ख्यिक विवरण**

| **समह** | **महिला** | **परुष** | **जम्मा** |
|---|---|---|---|
| ०- ५ | | | |
| ०६ - १४ | | | |
| १५-५९ | | | |
| ६० वर्ष भन्दा माथि | | | |
| **जम्मा** | | | |

**अपांगता भएको जनसंख्या विवरण**

| वडा नं | शारीरिक | | दृष्टि | | स्वर | | बौद्धिक | | श्रवण | | सुस्त | | बहु अपांगता | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| 1 | | | | | | | | | | | | | | | |
| 2 | | | | | | | | | | | | | | | |
| 3 | | | | | | | | | | | | | | | |
| 4 | | | | | | | | | | | | | | | |
| 5 | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | |

Draft

## २.२ विगतका विपद्को अवस्था विश्लेषण

खार्पुनाथ गाउँपालिकाको विगतको प्रकोपको इतिहासको आधारमा खार्पुनाथ गाउँपालिकाको विपद पुर्वतयारी तथा व्यवस्थापनको उद्धेश्य परिपूर्ति गर्न समुदायको प्रकोप, संकटासन्नता तथा क्षमता विश्लेषण गरिएको थियो । खार्पुनाथ गाउँपालिका, स्वास्थ्यका लागि सक्षम प्रणाली, वडा अध्यक्ष तथा सदस्यहरु, समुदायका व्यक्तिहरु, समुदायमा भएका अन्य क्रियाशील समूहका पदाधिकारी तथा सदस्यहरुको उपस्थितिमा सहभागिमूलक प्रक्रियाबाट संकटासन्नता तथा क्षमताको कार्य सम्पन्न भएको थियो। स्वास्थ्यका लागि सक्षम प्रणालीको सहजीकरणमा समुदायका मानिसहरुलाई विभिन्न समुहमा राखी संकटासन्नता तथा क्षमता विश्लेषणमा प्रयोग हुने औजार बारे जानकारी दिइ सूचनाहरु संकलन गरिएको र संकलित सूचनाहरु समुदायका मानिसहरुको उपस्थितिमा रुजु समेत गरिएको थियो ।

मुख्यतया आगलागी, पहिरो, भुकम्प, चट्यांग, असिना, बाढी, खडेरी, महामारी, बालीनालीमा कीरा लाग्ने, हावाहुरी, हिमपात जस्ता प्रकोपले यो समुदाय तथा समुदायमा रहेका घरहरु, विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवनहरु, विजुली पावरहाउस, कुलो, खानेपानीका धारा, आदि संरचना हरु खतरामा पार्ने गरेको छ । यसका साथै बर्षातको मौसममा समुदायको प्राय:जसो क्षेत्रमा भल बाढी पस्ने तथा बर्षातमा भलका

कारणले बालुवा, माटो आदि बगाई समुदाय परिसर तथा खेतीयोग्य जमीनमा थुपारीदिनाले पनि निकै असर गर्ने गरेको छ ।

**प्रकोप नक्शांकन**

१. बाढी

२. आगलागी

३. पहिरो

४. खडेरी

५. जङ्गली जनावर आतङ्क

६. हावाहुरी

७. हिमपात

## २.२.२ विगतमा विपद्बाट भएको क्षतिको विवरण

२०७८ सालमा खार्पुनाथ गाउँपालिकामा कोभिड १९ को विश्वव्यापी महामारीबाट ५५ जना संक्रमित भए र १ जनाको मृत्यु भयो । २०७८ सालको पहिरो को प्रभाव यस गाउँपालिकामा पनि पर्यो । यसबाट जनजीवन बालीनाली तथा सामाजिक सेवाका क्षेत्रहरु प्रभावित भए ।

तालिका ३: खार्पुनाथ गाउँपालिकामा विगतमा विपद् /स्वास्थ्य संकटबाट भएको क्षतिको विवरण

| | महिना | वडा स्थान | मानवीय क्षति | भौतिक क्षति | आर्थिक क्षति | सामाजिक प्रभाव | स्वास्थ्य प्रभाव | पुस्ट्याइको आधार |
|---|---|---|---|---|---|---|---|---|
| **बाढी** | | | | | | | | |
| २०७८ असोज<br>२०७९ भदौ | | १, २ | १ | जमिन कटान, दाउरा बगायो | २० लाख | दाउरा, घर र बाटो विनास | - | सामुहिक छलफल |
| **आगलागी** | | | | | | | | |
| २०६४<br>२०७३<br>२०७८ फाल्गुन | | १,२,४ | १ | १५-२० गाई<br>५-६ घर | ७० लाख | जङगल विनास | - | सामुहिक छलफल |
| **पहिरो** | | | | | | | | |
| २०४५<br>२०६५<br>२०७८ | | २,५ | १० | ३० घर<br>५०-६० गाई<br>४०० रोपनी | ५ करोड | जङगल विनास<br>यातायत | घाइते, चोट, मानसिक तनाव | सामुहिक छलफल |

Draft

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **खडेरी** | | | | | | | |
| वर्षेनी | १, ५ | - | खेत बाँझो | १५ लाख | खेत बाँझो | कुपोषण | सामुहिक छलफल |
| **जङ्गली जनावर आतंक** | | | | | | | |
| वर्षेनी | सबै | - | ९ जना घाइते | १० लाख | खेत बाली नष्ट | मानसिक तनाव अपाङ | सामुहिक छलफल |
| **हावाहुरी** | | | | | | | |
| २०७६ | १,४,५ | - | स्कुल तथा घरका टिनहरु उडाएको | १५ लाख | रुख ढलेको | मानसिक तनाव | सामुहिक छलफल |
| **हिमपात** | | | | | | | |
| २०७४ | २ | ४ | - | २० लाख | - | घाइते | सामुहिक छलफल |

| महिना | वडा स्थान | मानवीय क्षति | भौतिक क्षति | आर्थिक क्षति | सामजिक प्रभाव | स्वास्थ्य प्रभाव | पुस्ट्याइको आधार |
|---|---|---|---|---|---|---|---|
| **वाइरल फ्लु** | | | | | | | |
| २०५४ | १ | १० | - | - | ३० घर | बिरामी, मृत्यु | सामुहक छलफल |
| दादुरा | | | | | | | |
| | - | - | - | - | - | कुपोषण | सामुहिक छलफल |
| झाडापखाला | | | | | | | |
| २०५८ | ४,५ | ७ | - | - | २५-३० घर | कुपोषण | छलफल |
| कुपोषण | | | | | | | |
| २०७९ | सबै वडा | १ | - | ५० लाख | भेदभाव | बिरामी, रोग | छलफल |

DRAFT

| कोविड १९ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०७७-२०७९ | सबै वडा | १ | - | ५० लाख | भेदभाव, लांक्षणा | स्वासप्रस्वासमा समस्या | छलफल |

यस समुदायका ४ र ५ वडाहरुका लागि खडेरी मुख्य समस्याको रुपमा रहेको छ भने भुकम्प, कोविड १९ जस्ता समस्याहरु भने गाउँपालिका भरि नै मुख्य समस्याका रुपमा रहेका छन् । यसरी प्रकोप नक्शांकन गर्दा र समुदायमा हुने गरेका प्रकोपहरु र त्यसबाट भैरहेका असरहरुको सम्बन्धमा छलफल गरी स्तरीकरण गर्दा, यस समुदायलाई सबैभन्दा बढी असर पहिरोले पुर्याएको देखिन्छ । बर्षेनी लामो समयसम्म पानी नपर्ने र हिउँदमा समेत हिउँ नपर्नाले लामो खडेरीका कारण बस्तीहरुमा आगलागी रजंगलहरुमा डढेलो लाग्ने गरेको छ । खडेरीबाट सानो ठुलो क्षति समुदायले प्रायःजसो व्यहोरिरहेको छ भने यसको परिणाम स्वरुप हुने आगलागी समस्याले समेत ठुलो रुप लिई समुदायमा प्राय सबै वडाहरुमा खाद्यान्न समस्या समेत आउने गरेको छ । सरसफाइप्रति केही समुदायमा थोरबहुत चेतना देखिए पनि भौगोलिक दुरावस्था र अव्यवस्थित बस्ती विकास, घरहरुको संरचना, सरसफाइका लागि चाहिने आवश्यक आधारहरुको कमीका कारणसमेतले समुदायलाई असर पारिरहेको छ । एक विपद्का घटनाले अर्को विपद् निम्त्याउँछ भनेझैं समुदायमा हुने यी विपद्का घटनाहरुले भोकमरी, महामारी, कुपोषण जस्ता अन्य बिपदहरु समेत निम्त्याइरहेकोछ । माटा र फुसका छाना भएका बस्तीहरुमा आगलागीका घटनाहरु बढी हुने गरेको जस्ले गर्दा विपन्न समुदायका परिवारहरु बढी जोखिममा रहेका छन् ।

वडागत रुपमा प्रकोप

| वडा नं.१,२,३, ४, ५ | |
|---|---|
| प्रकोपको किसिम | भुकम्प, जङली जनावर आतंक, कोविड १९, कुपोषण |
| सबैभन्दा महत्वपुर्ण | कोविड १९ |

| | |
|---|---|
| इतिहास | विगत तीन वर्ष देखि हुँदै आएको |
| बारम्बारता | विगत तीन वर्ष देखि हुँदै आएको |
| जटिलता | स्वासप्रस्वासमा समस्या, मृत्यु |
| अवधि | १ देखि २ बर्ष |
| स्थान | वडाका सबै क्षेत्र |
| लक्षण | स्वासप्रस्वासमा समस्या, ज्वरो, रुगा खोकी आदि |
| प्रवृति | छिटै सर्ने र जटिल अवस्था भइ मृत्यु हुन सक्ने |

| वडा नं. २, ३, ४, ५ | |
|---|---|
| प्रकोपको किसिम | भुकम्प, पहिरो, खडेरी, हिमपात, बाढी, आगलागी |
| सबैभन्दा महत्वपुर्ण | पहिरो |
| इतिहास | विगतमा ठुलो पहिरो गएको र गाउँको सिरानमा चिरा परेको |
| जटिलता | मानिसहरुको बसाइसराइ, पशुपालन, कृषि र जीविकोपार्जनका क्षेत्रहरु नराम्ररी क्षय |
| ऋवधि | ४ देखि ६ बर्ष |
| स्थान | वडाका केही क्षेत्र |
| लक्षण | धेरै पानी पर्ने |
| प्रवृति | स्थानीयका अनुसार कहिले धेरै पानी पर्नाले विगतमा गाउँको तल र बीचबाट पहिरो गएको र गाउँको माथि चिराचिरा परेकोले फेरि पनि अधिक बर्षातको कारण गाउँ नै बग्न सक्ने अवस्था भएको । |

**नोटःनेपाल भूकम्पको उच्च जोखिममा रहेको मुलुक हुँदा प्रकोप स्तरीकरण गर्दा भूकम्पलाई तुलनामा नराखी पहिलो नम्बरको प्रकोपको रुपमा प्राथमिकतामा राखी योजना तर्जुमा गर्नुपर्ने हुन्छ भनी स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४ मा स्पष्ट उल्लेख गरिएकोले स्तरीकरण नगरी यस समुदायका लागि पनि प्रमुख प्रकोपका रुपमा राखिएको छ ।**

Draft

## २.३ गाउँपालिका प्रमुख र प्राथमिकतामा रहेका प्रकोपहरू

खार्पुनाथ गाउँपालिकामा भूकम्प, बाढी, आगलागी, हावाहुरी, हिमपात, पहिरो कोभिड १९ महामारी, वाइरल फ्लु , झाडा पखाला र कुपोषण गरी १० प्रकारका विपद् र स्वास्थ्य संकटका घटनाहरू विगतमा हुने गरेको पाइएको छ । वडागत सङ्कटासन्नता विश्लेषण गर्दा सबै वडालाई अर्थात सिंगो गाउँपालिकालाई एकैचोटी र ठूलो क्षति गर्न सक्ने र प्रभाव पार्न सक्ने विपद् भूकम्प हो । सिंगो मुलुक नै भूकम्पको उच्च जोखिममा भएकोले यो गाउँपालिका पनि भूकम्पको उच्च जोखिममा छ । भूकम्प पछि कोभिड १९ जस्तै उच्च संक्रामक महामारीको यस गाउँपालिकाको लागि प्रमुख स्वास्थ्य संकटको रुपमा देखिएको छ । त्यसैगरी कुपोषण पनि यस गाउँपालिकामा स्वास्थ्य संकट निम्त्याउने विपद्हरू हुन् । गाउँपालिकाका ५ वडाहरूमध्ये अधिकांश वडामा बाढी बारम्बार दोहोरिरहने र बर्षेनी जनधनको धेरै क्षति गर्ने प्रकोपमा पर्दछन् । सडक पहिरो र आगलागी पनि यस गाउँका प्रमुख प्रकोपहरू हुन् । वडाको भौगोलिक विषेशता भूस्वरुप, प्रकोपको सम्मुखता तथा सामाजिक आर्थिक अवस्थाले समग्र विपद्को जोखिम स्तर निर्धारण गर्दछ ।

### २.३.१ प्रकोप स्तरीकरण

**प्रकोपको स्तरीकरण**

| प्रकोप | बाढी | आगलागी | पहिरो | खडेरी | जङ्गली जनावर आतंक | हावाहुरी | हिमपात |
|---|---|---|---|---|---|---|---|
| बाढी | | बाढी | पहिरो | खडेरी | बाढी | बाढी | हिमपात |
| आगलागी | | | पहिरो | खडेरी | आगलागी | आगलागी | हिमपात |
| पहिरो | | | | पहिरो | पहिरो | पहिरो | पहिरो |
| खडेरी | | | | | खडेरी | खडेरी | हिमपात |
| जङ्गली जनावर आतंक | | | | | | जङ्गली जनावर आतंक | जङ्गली जनावर आतंक |
| हावाहुरी | | | | | | | हिमपात |
| हिमपात | | | | | | | |
| जम्मा अंक | ३ | २ | ६ | ४ | २ | ० | ४ |
| स्तर | ४ | ५ | १ | २ | ५ | ७ | २ |

| स्वास्थ्य संकट | वाइरल फ्लु | दादुरा | झाडापखाला | कुपोषण | कोविड १९ |
|---|---|---|---|---|---|
| वाइरल फ्लु | | वाइरल फ्लु | वाइरल फ्लु | वाइरल फ्लु | वाइरल फ्लु |
| दादुरा | | | झाडा पखाला | झाडा पखाला | कोविड १९ |
| झाडापखाला | | | | झाडापखाला | झाडापखाला |

| | | | | | |
|---|---|---|---|---|---|
| कुपोषण | | | | | कोविड १९ |
| कोविड १९ | | | | | |
| जम्मा अंक | ४ | ० | ४ | ० | २ |
| स्तर | १ | - | १ | - | २ |

## २.३.१ प्रकोपको मौसमी विश्लेषण

भौगर्भिक प्रकृयाबाट उत्पन्न हुने भूकम्प जस्ता प्रकोप जुनसुकै समयमा पनि आउन सक्छन् जसको मौसमी प्रकृति हुँदैन । भूकम्पको लागि बाह्रै महिना उत्तिकै जोखिमयुक्त समय हो । जलवायु अथवा मौसमजन्य प्रकोपका घटना मौसममा निर्भर हुन्छन । मनसुनी हावापानीको क्षेत्रमा अवस्थित नेपालमा हावापानीको विशेषता त्यसै अनुरूप निर्धारण भएको हुन्छ । नेपालमा वार्षिक वर्षाको ८० प्रतिशत वर्षायामको चार महिनामा हुने गर्छ भने हिउँदे वर्षा कम मात्र हुने गर्दछ । त्यसकारण बाढी, पहिरो जस्ता जलउत्पन्न प्रकोप जेठ देखि असोजसम्मको चार /पाँच महिनाको अवधिमा बढी हुने गर्दछन् । हिउँदको समय सुख्खा हुने तथा फागुन चैतमा हावाहुरी पनि बढ्ने हुँदा आगलागीका घटना पनि बढ्छन् । सडक दुर्घटनाको कुनै मौसमी प्रकृति त हुँदैन तर वर्षाको समयमा सडक खराव हुने र बाढी पहिरोले पनि सडक दुर्घटना बढाउने भएकोले दुर्घटनाहरू बढी हुने गर्दछन् । समग्रमा महामारीको पनि खासै मौसमी प्रकृति देखिँदैन तर डेंगु तथा सर्पदंश जस्ता महामारी वर्षा एवम् गर्मी समयमा बढी हुने गर्दछ ।

प्रकोप पात्रो विश्लेषणले प्रकोपको मौसमी प्रकृति अनुसार पूर्वतयारीको लागि कुन समयमा केन्द्रित हुने र प्रतिकार्यको लागि कुन समयमा तत्पर रहने भन्ने योजना तयार गर्न मद्दत गर्दछ । खार्पुनाथ गाउँपालिकाको सन्दर्भमा असारदेखि असोजसम्मको समयमा बढी विपद्का घटनाहरू हुन सक्ने समय हो । यो समयमा सबैभन्दा बढी बाढी तथा डुवानका घटनाहरू हुन सक्छन् । सडक दुर्घटना, महामारी र भूकम्प जुनसुकै बेला पनि हुन सक्छ । त्यसैले वर्षा शुरू हुनुभन्दा अगाडी बैशाखमा पूर्वतयारी तथा प्रतिकार्य योजनाको पुनरावलोकन गर्ने, आवश्यक र तत्काल गर्नुपर्ने तयारीहरू गर्ने, संयन्त्र, जनशक्ति, यन्त्र, उपकरण तयारी अवस्थामा राख्ने गर्नु पर्दछ ताकि विपद्को समयमा छिटो र व्यवस्थित तरिकाले काम गर्न सकियोस् र जनधनको क्षति नहोस् ।

तालिका ५: खार्पुनाथ गाउँपालिकाको प्रकोप पात्रो

| प्रकोप | बैसाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंशीर | पौष | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भूकम्प | | | | | | | | | | | | |
| आगलागी | | | | | | | | | | | | |
| पहिरो | | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| चट्याङ | | | | | | | | | | | | |
| असिना | | | | | | | | | | | | |
| बाढि | | | | | | | | | | | | |
| खडेरि | | | | | | | | | | | | |
| कोभिड महामारी | | | | | | | | | | | | |
| बालिनालिमा किरा | | | | | | | | | | | | |
| हिमपात | | | | | | | | | | | | |

*श्रोत: गाउँपालिकाको प्रकोप सङ्कटासन्नता तथा क्षमता लेखाजोखा, २०७८*

## २.४ सामाजिक सङ्कटासन्नता विश्लेषण

एउटै विपद्को घटनाबाट पनि फरक सामाजिक समूह र उमेर समूहका मानिसलाई फरक किसिमले प्रभाव र असर पर्दछ ।अपाङ्गता भएका व्यक्तिहरू, बालबालिकाहरू, बृद्धबृद्धाहरू, दीर्घरोगी तथा गर्भवती र शिशुलाई दुध खुवाउँदै गरेका आमाहरु अन्यको तुलनामा विपद्को उच्च जोखिममा हुने गर्दछन् । २०७२ सालको भूकम्पमा मृत्यु भएको जनसङ्ख्याको ४५ प्रतिशत पुरूष र ५५ प्रतिशत महिलाको सङ्ख्या रहेको थियो[1] । ।यस गाउँपालिकामा २.८१ प्रतिशत जनसङ्ख्या १ वर्ष मुनिको छ । १२ प्रतिशत जनसङ्ख्या ५ वर्ष मुनिको छ । अपेक्षेत गर्भवतीको सङ्ख्या २.३६ प्रतिशत छ । ३६.७० प्रतिशत जनसङ्ख्या १५ वर्ष मुनिको छ । ७.७५ प्रतिशत जनसङ्ख्या ६० वर्ष माथिको छ । अपाङ्गता भएको जनसङ्ख्या ७.५ प्रतिशत र ८.६ प्रतिशत जनसङ्ख्यामा दीर्घरोग छ । वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, दीर्घरोगी, बालबालिका, गर्भवती तथा दुध खुवाउने आमा उमेर वा स्वास्थ्य एवम् शारिरिक संवेदनशीलताका कारण बढी विपद् एवम् महामारीजन्य प्रकोपको बढी जोखिममा हुन्छन् ।विपद् न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य सञ्चालन र मानवीय सहायताका लागि काम गर्दा यस प्रकारका जोखिममा रहेका समुहहरूको फरक आवश्यकता र उनीहरुको संरक्षणलाई प्राथमिकतामा राखेर सम्बोधन गर्नुपर्दछ ।

तालिका ६: खार्पुनाथ गाउँपालिकाको संवेदनशील एवम् जोखिममा रहेको समूह र परिवारको वडागत जनसङ्ख्या

| वडा नं | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| **१ वर्ष मुनिको जनसङ्ख्या** | ५३ | २७ | ३२ | ३५ | ५० | १९७ |
| **५ वर्ष मुनिको जनसङ्ख्या** | २३३ | ११७ | १३९ | १५३ | २१४ | ८५६ |
| **१५ वर्ष मुनिको जनसङ्ख्या** | ६९६ | ३४९ | ४१५ | ४५८ | ६४२ | २५६० |
| **अपेक्षित गर्भवती जनसङ्ख्या** | ६७ | ३७ | ३९ | ४५ | ६२ | २५० |

[1] भूकम्प पश्चातको आवश्यकता लेखाजोखा प्रतिवेदन, २०७२: राष्ट्रिय योजना आयोग

Draft

## २.५ प्रकोप सङकटासन्नता तथा जोखिम विश्लेषण

संकटासन्नता, विगतमा विपद्बाट भएको असर, छलफलबाट आएका तथ्य तथा सूचनाहरूका साथै अन्य सूचनाहरूको विश्लेषण समेतको आधारमा प्रमुख प्रकोपहरूको जोखिम स्तर निर्धारण गरिएको छ । कुनै पनि प्रकोपको सङ्कटासन्नता समुदाय तथा जनसङ्ख्याको संवेदनशीलता, विपद्का घटनाको आवृत्ति, गाम्भिर्यता र प्रभावको विस्तार जस्ता कुराहरुको आधारमा उच्च, मध्यम र न्यून गरी जोखिम स्तर निर्धारण गरिएको छ । यसरी विश्लेषण गर्दा यस  गाउँपालिकामा भूकम्प, पहिरो, आगलागि र कोभिड १९ को उच्च जोखिम रहेको देखिन्छ भने बाढि, चट्याङ, हावाहुरी, खडेरी, असिना पानि र हिमपात को  मध्यम जोखिम देखिएको छ ।

तालिका ७: खार्पुनाथ गाउँपालिकाको प्रकोप संकटासन्नता तथा जोखिम विश्लेषण

| विपद् | संकटासन्नता (Vulnerability) | आवृत्ति (Frequency) | गम्भिर्यता (Intensity) | प्रभाव (Impact) | जोखिम (Impact) |
|---|---|---|---|---|---|
| भूकम्प | **उच्च (३)**<br>- सिंगो हिमालय क्षेत्र नै उच्च जोखिममा रहेको<br>- भौगर्भिक चिराहरू नजिकै रहेको<br>- भवन संरचनाहरू कमजोर रहेको<br>- वृद्धबृद्धा, बालबालिका, अपाङ्गता भएको जनसङ्ख्या उल्लेख्य रहेको | मध्यम (२) | उच्च (३) | उच्च (३) | उच्च (५४) |
| पहिरो | मध्यम (२)<br>- बनजङ्गल फडानि र वृक्षारोपण को कमि<br>- बनजङ्गल मा डडेलो लगाउने चलन<br>- सम्पुर्ण जनसङ्ख्या बन जङ्गल मा आश्रित<br>- विकास निर्माणका कामले बढाएको जोखिम<br>- वृद्धबृद्धा, बालबालिका, अपाङ्गता भएको जनसङ्ख्या | उच्च (३) | उच्च (३) | मध्यम (२) | **उच्च** ३६ |
| आगलागि | मध्यम (२)<br>- बढ्दै गएको सुख्खा याम<br>- सामाजिक आर्थिक सङ्कटासन्नता<br>- जनचेतनाको कमजोर अवस्था | उच्च (३) | उच्च (३) | मध्यम (२) | **उच्च** ३६ |
| बाढि | मध्यम (२)<br>- नदी किनारमा बढेको अतिक्रमण<br>- माथिल्लो जलाधार क्षेत्रमा जाने पहिरो<br>- बाढीको जोखिमयुक्त ठाउँमा बसेको बस्ती<br>- विकास निर्माणका कामले बढाएको जोखिम<br>- वृद्धबृद्धा, बालबालिका, अपाङ्गता भएको जनसङ्ख्या | मध्यम (२) | उच्च (३) | मध्यम (२) | **मध्यम** २४ |
| खडेरी | मध्यम (२) | मध्यम | मध्यम | मध्यम | **मध्यम** |

| विपद् | संकटासन्नता (Vulnerability) | आवृत्ति (Frequency) | गम्भिर्यता (Intensity) | प्रभाव (Impact) | जोखिम (Impact) |
|---|---|---|---|---|---|
| | - जलवायुमा आएको परिवर्तन<br>- बनजङगल फडानि<br>- खुकुलो बलौटे ढुङ्गा मिसियको माटो<br>- आगलागि र डडेलो<br>- जनचेतनाको स्तर | (२) | (२) | (२) | १६ |
| हावाहुरी | मध्यम (२)<br>- जलवायुमा आएको परिवर्तन<br>- कमजोर सामाजिक आर्थिक अवस्था<br>- जनचेतनाको स्तर | मध्यम (२) | उच्च (२) | मध्यम (२) | **मध्यम** १६ |
| चट्याङ | मध्यम (२)<br>- जलवायुमा आएको परिवर्तन<br>- शहरीकरण र विद्युतीकरणको विस्तार<br>- राम्ररी अर्थिङ नगरिनु<br>- कम गुणस्तरीय विद्युतीय सामानहरूको प्रयोग<br>- जनचेतनाको कमी | मध्यम (२) | उच्च (३) | मध्यम (२) | **मध्यम** २४ |
| कोभिड १९ | उच्च (३)<br>- उच्च संक्रामक भाइरस<br>- कमजोर स्वास्थ पूर्वाधार र तयारी<br>- सावधानीका उपायहरूको कमजोर पालना<br>- जनचेतनाको कमजोर स्तर<br>- सामाजिक आर्थिक सङ्कटासन्नता<br>- उच्च जोखिम समूहमा रहेको जनसंख्या | मध्यम (२) | उच्च (३) | उच्च (३) | **उच्च** ५४ |
| हावाहुरि | **मध्यम (२)** | मध्यम (२) | उच्च (३) | न्यून (१) | १२ |
| हिमपात | **मध्यम (२)** | मध्यम (२) | मध्यम (२) | मध्यम (२) | १६ |

## २.६ सम्भाव्य प्रकोप प्रभाव आँकलन तथा नक्शाङ्कन

तालिका ८: खार्पुनाथ गाउँपालिकाको सम्भाव्य प्रकोप आँकलन तथा नक्शाङ्कन

| वडा | प्रकोप | जोखिममा रहेका तत्वहरु | जोखिममा रहेका तत्वहरुलाई प्रकोपको असर | जोखिममा रहेका तत्वहरुले संकटाभिमुखतालाई पुर्‍याएरहेको योगदान | सामना रणनीति | स्रोतहरुको प्रयोग | संकटाभिमुखता र क्षमताका तत्वहरु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १-५ | भुकम्प | • सबै घरधुरी र मानिसहरु<br>• खानेपानी मुल र वितरण प्रणाली<br>• भौतिक संरचनाहरुः सडक, संचार, स्वास्थ्यचौकी, विद्यालय, | • मृत्यु<br>• घाइते<br>• विस्थापित<br>• घर र पुर्वाधारहरको क्षय | • घरहरु भुकम्प प्रतिरोधी नबाइनु<br>• खुला क्षेत्रको अवधारण ढ(9-<br>• सीप र क्षमताको कमी हनु<br>• परम्परागत धारण हनु<br>• एक आपसमा जोडिएर घरहरु बनाइनु | • हल्ला गर्ने र सहयोग माग्ने<br>• ज्ञग(त ठाउँति र भाग्ने | • कमाएको पैसा<br>• संघसंस था त सरकारबाट सहयोग | • मानव<br>• भौतिक<br>• धारणा<br>• आर्थिक |
| ४-५ | खडेरी | खेतीपाती, फलफुल, नगदेबाली ,पशुपालन | उत्पादन नहुने | सिचाइको प्रबन्ध नगरिनु<br>वैकल्पिक कम पानीबाट उत्पादन हुने खेती नगरिनु | पाइपबाटके ही जमीनमा सिचाइ गर्ने | स्थानीयस्तरमा उपलब्ध सामाग्री | प्राकृतिक आर्थिक भौतिक |
| १-५ | आगलागी | घर र मानिसहरु<br>भौतिकः<br>विद्यालय,खानेपानी वितरण, विद्युत आपुर्ति | • मत्य<br>• साा)सत्<br>• वित(भ्चचपिff<br>• घर र सामाग्री<br>• पशुपालन | पैसाको अभावव<br>ढिज्ञत्स्ढ' (अचशष्तत्यचद्धढको कमी | आगो निभाउने, छोपेर राख्ने<br>हावाहुरीको समयमा आगोको<br>प्रयोग नगर्ने र भएको पनि घटाउने, निभाउने | हरियो<br>त्भ्चचगच,चग पबाट पानी,<br>माटो | • मानव<br>• भौतिक<br>• धारणा आर्थिक |
| १-५ | महामारी | मनिसहरु, पानीका स्रोत | जन्डिस, न्युमोनिया, झाडापाखाला, मृत्यु | सरसफाइ बारेमा जागरुक नहुनु<br>वस्ती वरिपरि फोहोर<br>नराम्रो दुर्गन्ध<br>बर्षातमा पानीका स्रोतहरु फोहोर हनु<br>रुढीवादी सोचबाट ग्रसित | अहिलेसम्म पनि परम्परागत शैलीमा उपचार भैरहनु, | स्थानीय जडीबुटी, धामीझाँक्री को प्रयोग | • मानव<br>• धारणागत<br>• आर्थिक |

## २.७ सम्भावित विपद् जोखिम विश्लेषण

तालिका ९: खार्पुनाथ गाउँपालिकाको सम्भाव्य विपद् जोखिम विश्लेषण

| | महिना | वडा स्थान | मानवीय क्षति | भौतिक क्षति | आर्थिक क्षति | सामजिक प्रभाव | स्वास्थ्य प्रभाव | पुस्ट्याइको आधार |
|---|---|---|---|---|---|---|---|---|
| **बाढी** | | | | | | | | |
| | २०७८ असोज<br>२०७९ भदौ | १, २ | १ | जमिन कटान,<br>दाउरा बगायो | २० लाख | दाउरा, घर र बाटो विनास | - | सामुहिक छलफल |
| **आगलागी** | | | | | | | | |

Draft

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०६४<br>२०७३<br>२०७८ फाल्गुन | १,२,४ | १ | १५-२० गाई<br>५-६ घर | ७० लाख | जङगल विनास | - | सामुहिक छलफल |
| **पहिरो** | | | | | | | |
| २०४५<br>२०६५<br>२०७८ | २,५ | १० | ३० घर<br>५०-६० गाई<br>४०० रोपनी | ५ करोड | जङगल विनास<br>यातायत | घाइते, चोट,<br>मानसिक तनाव | सामुहिक छलफल |
| **खडेरी** | | | | | | | |
| वर्षेनी | १, ५ | - | खेत बाँझो | १५ लाख | खेत बाँझो | कुपोषण | सामुहिक छलफल |
| **जङगली जनावर आतंक** | | | | | | | |
| वर्षेनी | सबै | - | ९ जना घाइते | १० लाख | खेत बाली नष्ट | मानसिक तनाव<br>अपाङ | सामुहिक छलफल |
| **हावाहुरी** | | | | | | | |
| २०७६ | १,४,५ | - | स्कुल तथा घरका टिनहरु उडाएको | १५ लाख | रुख ढलेको | मानसिक<br>तनाव | सामुहिक छलफल |
| **हिमपात** | | | | | | | |
| २०७४ | २ | ४ | - | २० लाख | - | घाइते | सामुहिक छलफल |

| महिना | वडा स्थान | मानवीय क्षति | भौतिक क्षति | आर्थिक क्षति | सामजिक प्रभाव | स्वास्थ्य प्रभाव | पुस्ट्याइको आधार |
|---|---|---|---|---|---|---|---|
| **वाइरल फ्लु** | | | | | | | |
| २०५४ | १ | १० | - | - | ३० घर | बिरामी, मृत्यु | सामुहक छलफल |
| दादुरा | | | | | | | |
| | - | - | - | - | - | कुपोषण | सामुहिक छलफल |
| झाडापखाला | | | | | | | |
| २०५८ | ४, ५ | ७ | - | - | २५-३० घर | कुपोषण | छलफल |

Draft

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कुपोषण | | | | | | | |
| २०७९ | सबै वडा | १ | - | ५० लाख | भेदभाव | बिरामी, रोग | छलफल |
| कोभिड १९ | | | | | | | |
| २०७७-२०७९ | सबै वडा | १ | - | ५० लाख | भेदभाव, लांक्षणा | स्वासप्रस्वासमा समस्या | छलफल |

## २.८ विपद्को अनुमानित परिदृष्य

खार्पुनाथ गाउँपालिकाको बहुप्रकोपको अवस्थालाई हेर्दा भूकम्प, बाढी, सडक दुर्घटना, आगलागी, हावाहुरी, कोभिड १९ महामारी, जस्ता विपद् एवम् महामारीजन्य स्वास्थ्य संकटको जोखिम देखिन्छ । छलफलबाट गरिएको सङ्कटासन्नता तथा क्षमता विश्लेषणबाट प्रत्येक वर्ष दोहोरिरहने बाढीबाट मात्र १५०० घरधुरी उच्च जोखिममा रहेको देखिएको छ भने ७५०० जनसङ्ख्यालाई प्रत्यक्ष प्रभाव पर्ने देखिएको छ । भूकम्पको प्रभाव यो भन्दा व्यापक हुनसक्छ, भने कोभिडजस्ता महामारीजन्य विपद्को प्रभाव अझ धेरै विस्तार हुनसक्ने देखिन्छ । विपद्बाट गाउँको लगभग १२ प्रतिशत जनसङ्ख्या प्रभावित हुँदा संवेदनशील तथा जोखिममा रहेको समूहको अनुमानित जनसङ्ख्या तालिका १० दिइएअनुसार हुनसक्ने आँकलन गरिएको छ । प्रतिकार्यका क्रममा उक्त संवेदनशील समूहमा रहेको जनसङ्ख्यालाई प्राथमिकता राखेर उनीहरूको विशेष आवश्यकता र संरक्षणको प्रवन्ध गर्नुपर्दछ र विषय क्षेत्रगत पूर्वतयारीमा यसै अनुरुप तयारी गर्नुप्दछ ।

तालिका १०: संवेदनशील एवम् जोखिममा रहेको समूह र परिवारको वडागत जनसङ्ख्या

| **जोखिममा रहेको तथा संवेदनशील समूह** | **१ वर्ष मुनिको जनसङ्ख्या** | **५ वर्ष मुनिको जनसङ्ख्या** | **१५ वर्ष मुनिको जनसङ्ख्या** | **६५ वर्ष माथिको जनसङ्ख्या** | **अपेक्षित गर्भवती जनसङ्ख्या** | **अपाङ्गता भएको जनसङ्ख्या** |
|---|---|---|---|---|---|---|
| **प्रभावित हुनसक्ने अनुमानित जनसङ्ख्या** | १५९ | ७१२ | २१४३ | ३६७ | १९३ | ८६४ |

बाढी तथा भूकम्प जस्ता विपद्को अवस्थामा सडकहरू अवरुद्ध हुन्छन् । विद्युत तथा सचार संरचनाहरूमा क्षति भएर सेवा अवरूद्ध हुन पुग्छ । खोज उद्धारका लागि सूचना आदान प्रदानमा समस्या हुन्छ । सडक अवरूद्ध हुँदा घाइतेहरूको उद्धार र उपचारमा समस्या हुनका साथै मानवीय सहायता सामग्रीहरू प्रभावित समुदायसम्म पुऱ्याउन र सहायताकर्मीहरू त्यहाँ पुग्न नसक्ने अवस्था आउँछ । भूकम्पको समयमा घरहरू ध्वस्त हुन्छन । भूकम्प, बाढी तथा डुबानको समयमा ठूलो जनसङ्ख्या विस्थापित हुने हुँदा बसोबासको प्रवन्ध गर्नुपर्ने हुन्छ । महामारीजन्य विपद् छिटो फैलनुका साथै प्रत्यक्ष मानव स्वास्थ्यमा असर पर्ने हुँदा दैनिक जनजीवन नराम्ररी प्रभावित हुन पुग्छ । यस्तो परिस्थितिमा सकेसम्म तत्काल र प्रभावकारी रूपमा स्वास्थ्य संकट व्यवस्थापन तथा मानवीय सहायतामा जुट्नु, संक्रमित एवम् घाइतेहरूको तत्काल उद्धार गरी जीवन रक्षाको लागि उपचारको प्रवन्ध गर्नु, प्रभावित तथा

Draft

विस्थापितहरूलाई मानवीय सहायता उपलब्ध गराउनु र जनजीवन क्रमश: सामान्य अवस्थामा ल्याउन पहल गर्नु गाउँपालिकाको प्राथमिक दायित्व हुन्छ । यसको लागि आवश्यक र पर्याप्त पूर्वतयारीको जरूरत पर्दछ ।

## २.९ गाउँपालिकाको क्षमता विश्लेषण

विपद् एवम् स्वास्थ्य संकटको प्रभावकारी प्रतिकार्य, पर्याप्त पूर्वतयारी र विपद् पछिको परिस्थितिलाई यथाशीघ्र समान्य अवस्थामा फर्काउन तथा विपद् जोखिम न्यूनीकरणका गतिविधिहरू संचालन गर्न आवश्यक पर्ने संस्था, संरचना, नीति, कानून, योजना, पूर्वाधार, भौतिक स्रोत साधन, प्राकृतिक स्रोत, सामाजिक स्रोत, आर्थिक स्रोत र मानवीय स्रोतको विद्यमान अवस्थाको लेखाजोखा र गाउँको विपद् प्रतिकार्य क्षमता सुदृढ गर्नको लागि गाउँपालिकाको क्षमता अभिवृद्धिको आवश्यकता विश्लेषण तालिका ११ मा प्रस्तुत गरिएको छ ।

तालिका ११: खार्पुनाथ गाउँपालिकाको क्षमता विश्लेषण

| क्षेत्र | अवस्था विश्लेषण | आवश्यकता विश्लेषण |
|---|---|---|
| कानून, नीति योजना | - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन तयार नभयको<br>- राहत कोष सञ्चालन सम्बन्धी कार्यविधिको कर्ययोजना नबनेको<br>- गाउँपालिका को स्वास्थ्य नीति एवम् स्वास्थ्य ऐन बनेको,<br>- गाउँ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बन्ने क्रममा रहेको । | - ऐन एवम् कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्ने,<br>- स्वास्थ्य नीति एवम् ऐन बनाउनु पर्ने,<br>- विपद् राहत सम्बन्धी मापदण्ड बनाउनु पर्ने,<br>- विपद् जोखिम न्यूनीकरण एवम् व्यवस्थापन नीति तथा कार्ययोजना बनाउनु पर्ने,<br>- जोखिम सूचूचित क्षेत्रगत विकास योजना बनाउनु पर्ने। |
| संस्था एवम् संरचना | - स्थानीय विपद् व्यवस्थापन समिति गठन भएको,<br>- वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन भएको,<br>- जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन विषयगत समिति गठन भएको,<br>- गाउँपालिकामा विपद् व्यवस्थापन सम्पर्क अधिकृत तोकिएको,<br>- गाउँपालिका तहमा द्रुत प्रतिकार्य टोली गठन भएको । | - खोज उद्धार, प्राथमिक उपचार, विपद् लेखाजोखा कार्यादल गठन गर्नुपर्ने,<br>- गाउँ आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना गर्नुपर्ने,<br>- जनप्रतिनिधि र कर्मचारीलाई अभिमुखीकरण गर्नुपर्ने ।<br>- वडा तहमा द्रुत प्रतिकार्य टोली (RRT) गठन गर्नुपर्ने । |
| पूर्व सूचना तथा विपद् सूचना व्यवस्थापन | - गाउँपालिकाको स्वास्थ्य सम्बन्धी डिजिटल प्रोफाइल तयार भएको,<br>- गाउँ पार्श्वचित्र बने तापनि धेरै क्षेत्र नसमेटीएको | - गाउँको स्वास्थ्य प्रोफाइलमा स्वास्थ्य संकटलाई सम्बन्धी विवरण पनि समावेश गर्नुपर्ने |

| | | |
|---|---|---|
| | - स्वास्थ्य सम्बन्धी डिजिटल प्रोफाइल तयार भएको,<br>- गाउँको विपद् जोखिम एवम् स्वास्थ्य संकट सम्बन्धी अध्ययन नक्शाङ्कन नभएको ।<br>- गाउँ आपत्कालीन कार्य सञ्चालन केन्द्र सञ्चालन नभएको, | - गाउँ प्रोफाइलमा प्रमुख प्रकोप तथा विपद् सम्बन्धी विवरण समावेश गर्नुपर्ने ।<br>- गाउँपालिकामा आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना गरी सञ्चालन गर्नुपर्ने |
| पूर्वाधार तथा भौतिक श्रोत साधन | - गाउँपालिकाको कुनै पनि वडा मा सडक नपुगेको<br>- सबै वडामा विद्युत नपुगेको,<br>- सबै वडा र घरधुरीमा खानेपानी पुगेको,<br>- सबै वडा र घरधुरीमा सरसफाई सुविधा पुगेको,<br>- गाउँमा ६ वटा विद्यालय रहेको,<br>- गाउँमा रहेका स्वास्थ्य संस्थाहरू (सामुदायिक हस्पिटल – १, स्वस्थ्य चौकी – ४, स्वास्थ्य इकाई – ६, आधारभूत स्वास्थ्य केन्द्र – २, बर्थिङ् सेन्टर – ६),<br>- गाउँपालिकामा १ वटा एम्बुलेन्स रहेको,<br>- गाउँपालिकामा दमकल नभयको। | - सबै वडामा सडक संजाल सँग जोडिन पहल गर्नु पर्ने<br>- बिधुत पुर्याउन पहल गर्नु पर्ने<br>- आपत्कालीन आश्रयस्थल बनाउन सकिने सामुदायिक भवन तथा खुला ठाउँमा सडक, खानेपानी र सरसफाई पूर्वाधार निर्माण गर्नुपर्ने,<br>- प्रत्येक वडामा सामान्य खोज उद्धारका सामग्रीहरू, प्राथमिक उपचार एवम् स्वास्थ्य एवम् व्यक्तिगत सुरक्षाका सामग्रीहरू तयारी राख्नुपर्ने । |
| प्राकृतिक श्रोत | - वनक्षेत्र रहेको<br>- खुला चउर रहेको<br>- नदीनाला रहेको<br>- पानीका मुहान रहेको<br>- ढुङ्गाखानी रहेको<br>- बाँसघारी रहेको | - पानीका मुहान ताल पोखरी र वन क्षेत्रको संरक्षण गर्नुपर्ने<br>- आपत्कालीन आश्रयस्थल बनाउन सकिने खुला ठाउँको पहिचान गरी सडक खानेपानी र सरसफाई पूर्वाधारहरूको तयारी गर्नुपर्ने । |
| सामाजिक श्रोत | - आमा समूह<br>- टोल सुधार<br>- युवा संस्था<br>- बाल क्लब<br>- सामुदायिक भवन<br>- सहकारी<br>- सामाजिक संघ संस्था | - सामाजिक संस्था तथा स्रोतहरूलाई विपद् न्यूनीकरण तथा पूर्वतयारीमा संलग्न गराउने र परिचालन गर्ने नीति र कार्यक्रम बनाउनु पर्ने ।<br>- सामाजिक संस्थाहरूको संयन्त्र बनाई उनीहरूको श्रोतलाई एकिकृत रुपमा परिचालन गर्नुपर्ने<br>- सामाजिक संस्थाहरूको विपद् व्यवस्थापन तथा प्रतिकार्य क्षमता बढाउनुपर्ने |
| आर्थिक श्रोत | - बैंक<br>- सहकारी<br>- बचत समूह<br>- विपद् कोष<br>- पारिवारिक बचत | - नीति तथा प्रक्रिया तय गरी आर्थिक क्षेत्रलाई विपद् जोखिम न्यूनीकरणमा लगानी गर्ने र श्रोत परिचालन गर्नुपर्ने<br>- सहकारी संस्था तथा बचत समूहले आफ्ना सदस्यहरूका लागि आपत्कालीन सहायता कोषको प्रवन्ध गर्नुपर्ने |

Draft

| | | |
|---|---|---|
| | | - बीमा कम्पनीहरूसँग समन्वय गरी विपद् बीमाको शुरूवात तथा प्रवर्धन गर्नुपर्ने |
| मानवीय श्रोत | - उद्धार तथा सुरक्षा कर्मी<br>- प्राथमिक उपचारक<br>- भूकम्प प्रतिरोधी घर बनाउन सक्ने मिस्त्री -<br>- अस्थायी आवास निर्माण गर्न सक्ने जनशक्ति<br>- विपद् सम्बन्धी तालिम दिनसक्ने - | - गाउँपालिकामा रहेको जनशक्तिलाई संगठित रूपमा विपद् प्रतिकार्य र पूर्वतयारीमा परिचालनको लागि तयारी गर्नुपर्ने<br>- वडा तहमा विपद् प्रतिकार्य टोली तयार गरी तालिम दिएर प्रथम सामुदायिक उद्धारक (First Community Responder) तयार गर्नुपर्ने<br>- भूकम्प प्रतिरोधी घर बनाउन सक्ने जनशक्तिलाई संगठित गरी क्षमता अभिवृद्धि गर्नुपर्ने ।<br>- वडा तहमा स्वास्थ्य संस्थासँग समन्वय गरी प्राथमिक उपचार टोली तयार गर्नुपर्ने<br>- विपद् लेखाजोखा गर्नसक्ने जनशक्ति वडा तहमा तयार गर्नुपर्ने<br>- प्रत्येक वडामा स्वास्थ्य संस्था अन्तरगत द्रुत प्रतिकार्य टोली (RRT) गठन गर्नुपर्ने । |

## २.१० विषयक्षेत्र तथा कार्य जिम्मेवारी

गाउँपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनका लागि विश्ववयापी तथा राष्ट्रिय तहमा भएका विषयगत क्षेत्रको अभ्यास, स्थानीय आवश्यकता र गाउँपालिकाको संस्थागत संरचना अनुसार पाँचवटा विषयगत क्षेत्र निर्धारण गरिएको छ । विषयगत क्षेत्रको जिम्मेवारी देहाय बमोजिम रहको छ ।

तालिका १२: विषयगत क्षेत्र र यसको नेतृत्व

| क्रसं | विषयगत क्षेत्र | नेतृत्व |
|---|---|---|
| १ | समन्वय, खोज तथा उद्धार विषयगत क्षेत्र | अध्यक्ष – गाउँ विपद् व्यवस्थापन समिति |
| २ | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र | संयोजक - सामाजिक विकास विषयगत समिति |
| ३ | आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामग्री एवम् बन्दोबस्ती विषयगत क्षेत्र | संयोजक - वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति |
| ४ | खानेपानी सरसफाई तथा स्वस्छता प्रवर्द्धन विषयगत क्षेत्र | संयोजक - सामाजिक विकास विषयगत समिति |
| ५ | आपत्कालीन संरक्षण तथा शिक्षा विषयगत क्षेत्र | संयोजक - सामाजिक विकास विषयगत समिति |

| | | |
|---|---|---|
| ६ | विपद् लेखाजोखा एवम् सूचना व्यवस्थापन विषयगत क्षेत्र | संयोजक - वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति |
| ७ | जीविकोपार्जन, पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषयगत क्षेत्र | संयोजक - पूर्वाधार विकास विषयगत समिति |

### 2.१०.1 समन्वय, खोज तथा उद्धार विषयगत क्षेत्र

गाउँपालिका क्षेत्रमा कुनै पनि विपद्को घटना वा स्वास्थ्य संकटको स्थिति हुनासाथ तत्काल प्रतिकार्यमा जुटेर मानवीय जीवन रक्षा तथा सम्पत्तिको सुरक्षा गरी जनजीवन सामान्य अवस्थामा ल्याउनु पर्ने हुन्छ । यसका लागि गाउँ विपद् व्यवस्थापन समितिको अध्यक्षको हैसियतले विपद् प्रतिकार्यको सम्पूर्ण नेतृत्व गाउँ प्रमुखले गर्नुपर्दछ । विपद्को परिस्थितिमा एकातिर अन्य विषयगत क्षेत्रका साथै गाउँपालिका मातहतका स्रोत साधन र सबै संयन्त्रहरू प्रतिकार्यका लागि परिचालन गर्नुपर्दछ । विपद्को प्रभाव अनुसार बाह्य सहयोगको लागि गाउँपालिकाभित्र र बाहिर, जिल्ला, प्रदेश तथा केन्द्रीय निकायहरूसम्म समन्वय गर्नुपर्दछ । विपद् पूर्वतयारीका लागि सरोकारवाला निकायहरूसँग निरन्तर समन्वय र सहकार्य गर्ने तथा विपद्को समयमा विपद् प्रभावित समुदायमा तुरून्त खोज उद्धार, प्राथमिक उपचार र राहत वितरणको लागि समन्वय गर्ने, विपद् प्रभावितहरूको पहिचान गरी परिचयपत्र उपलब्ध गराउने, मानिसको मृत्यु भएमा सनाखत गरी शव व्यवस्थापन (वा हस्तान्तरण) को प्रवन्ध मिलाउने र यसको लागि समयमै आवश्यक पूर्वतयारी गर्नु समन्वय, खोज तथा उद्धार क्षेत्रको मुख्य काम हो । यस विषयगत क्षेत्रको नेतृत्व गाउँ प्रमुखले गर्दछन् । गाउँपालिकामा रहेका सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी निजी क्षेत्रका प्रतिनिधि र अन्य सबै विषय क्षेत्रका संयोजनकहरू यसमा सदस्य रहन्छन् । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत यस विषयगत क्षेत्रको सदस्य सचिवको रूपमा रहन्छन् ।

### 2.१०.२ प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण क्षेत्र

विपद्को समयमा खोज उद्धार कार्यसँगै घाइतेहरूको जीवन रक्षाको लागि प्राथमिक उपचार सेवा आवश्यक पर्दछ । त्यसपछि गम्भीर प्रकृतिका घाइतेहरूको लागि थप उपचारको प्रवन्ध गर्नु पर्दछ । प्रभावित समुदाय तथा आश्रयस्थलमा स्वास्थ्य सेवालाई निरन्तरता दिनु पर्ने हुन्छ । महामारीजन्य विपद् तथा स्वास्थ्य संकटको समयमा स्वास्थ्य क्षेत्रको प्रमुख भूमिका हुन्छ । विपद् प्रभावित समुदायका बालबालिका बृद्धबृद्धा गर्भवती तथा दुध खुवाउने आमाहरूको लागि थप पोषणयुक्त खानाको आवश्यकता पर्दछ । गाउँको स्वास्थ्य संरचना र क्षमताको परिचालन गरी प्राथमिक उपचार, स्वास्थ्य सेवा र पोषणको प्रवन्ध गर्नु यस विषयगत क्षेत्रको प्रमुख जिम्मेवारी हो । साथै यस विषयगत क्षेत्रले कोभिड–१९ लगायतका महाव्याधीको संक्रमण, स्वास्थ्य संकटको रोकथाम, नियन्त्रण र व्यवस्थापनको कार्य समेत गर्नेछ । यस विषयगत क्षेत्रको नेतृत्व गाउँपालिकाको सामाजिक विकास समितिको संयोजकले गर्दछन् भने गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख सदस्य सचिव रहन्छन् । गाउँपालिकामा रहेका स्वास्थ्य संस्था तथा अस्पतालहरू र स्वास्थ्य तथा पोषणको क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधिहरु यस विषयगत क्षेत्रका सदस्यको रुपमा रहन्छन् ।

### 2.१०.३ आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामग्री एवम् बन्दोबस्ती विषय क्षेत्र

गाउँपालिका क्षेत्रमा कुनै पनि विपद्को घटना वा स्वास्थ्य संकटको स्थिति हुनासाथ त्यसबाट विस्थापित तथा प्रभावित भएकाहरुलाई बस्नको लागि आश्रयस्थल र आश्रयस्थलमा बसेका वा समुदायमै रहेका प्रभावितहरूलाई चामल, दाल, नुन, तेल आदि खाद्य सामग्री उपलब्ध गराउने, खानेकुरा पकाउनको लागि आवश्यक प्रवन्ध मिलाउने ओढ्ने ओछ्याउने लगायतका गैर खाद्य सामग्री एवम् लगाउने कपडाको प्रवन्ध गर्ने । महामारीजन्य स्वास्थ्य संकटको समयमा क्वारेन्टिन एवम् आइसोलेसन केन्द्रको व्यवस्थापन गर्ने, खोज उद्धार, राहत एवम् स्वास्थ्य सामग्रीहरूको खरिद तथा भण्डारण एवम् ढुवानीको व्यवस्था गर्ने, विपद् लेखाजोखा लगायतका कामको लागि आवश्यक बन्दोबस्ती मिलाउने यस विषय क्षेत्रको मुख्य जिम्मेवारी हो । यस विषयगत क्षेत्रको नेतृत्व वन वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजनकले गर्दछन् भने विपद् व्यवस्थापन सम्पर्क अधिकृत सदस्य सचिवको रुपमा रहन्छन् ।

### 2.१०.4 खानेपानी, सरसफाई तथा स्वस्थता प्रवर्द्धन विषय क्षेत्र

विपद् पश्चात प्रभावित समुदायमा खानेपानी तथा सरसफाईका पूर्वाधारहरूमा क्षति पुग्छ । विस्थापितहरूले आश्रय लिएको आश्रयस्थलमा खानेपानी र सरसफाइको उचित र पर्याप्त प्रवन्ध गर्नु पर्दछ । विपद्पछि सरसफई र स्वच्छताको उचित प्रवन्ध नभएमा विभिन्न महामारी फैलिन सक्छ । विपद् प्रभावितहरूको लागि स्वच्छ र पर्याप्त खानेपानी तथा सरसरफाइको प्रवन्ध गर्नु, विपद् प्रभावित समुदाय तथा अस्थायी आश्रयस्थल वा क्वारेन्टिन र आइसोलेसन केन्द्रहरुमा खानेपानी एवम् सरसफाईको प्रवन्ध तथा स्वस्थता प्रवर्धन गर्नु, प्रभावितहरूको लागि मापदण्ड अनुसारको सरसफाई तथा स्वस्थता प्रवर्धनका सामग्रीहरूको सुनिश्चिता गर्नु, विपद्जन्य घटनाबाट सिर्जना भएका फोहोरहरू सरसफाई गर्नु, मरेका पशुपंक्षीहरूको व्यवस्थापन गर्नु, व्यक्तिगत सरसफाईको लागि स्वच्छता सम्बन्धी सरसामानहरू (जस्तैः हाईजिन किट, पियुष, क्लोरिन, डस्टविन, आदि) उपलब्ध गराउने, विपद्बाट क्षति भएका खानेपानी तथा सरसफाईका पूर्वाधारहरू पुनर्स्थापना गर्न सहयोग गर्नु यस विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो । खानेपानी सरसफाई तथा स्वस्थता प्रवर्द्धनको क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधिहरू यस विषयगत क्षेत्रको सदस्य रहन्छन् ।

### 2.१०.५ संरक्षण तथा आपत्कालीन शिक्षा विषय क्षेत्र

विपद्को घटना पछि परिवारहरू विस्थापित हुन्छन् । कतिपय बालबालिकाले अविभावक गुमाउँछन् । यस्तो अवस्थामा महिला र बालबालिकामाथि हिंसा बढ्छ । खार्पुनाथ गाउँपालिकामा धेरै विद्यालयहरू बाढी, आगलागी, चट्याङ जस्ता प्रकोपको जोखिममा छन् र विगतमा पनि प्रभावित हुँदै आइरहेका छन् । २०७२ सालको भूकम्पबाट पनि थुप्रै विद्यालयहरूमा क्षति पुग्यो । यो भन्दा ठूलो भूकम्प आएको खण्डमा अधिकांश विद्यालयमा क्षति पुग्छ । कोभिड-१९ को महामारीको कारण लामो समयदेखी विद्यालयहरू बन्द छन् । संरक्षण तथा शिक्षा विषयगत क्षेत्रले विपद्को समयमा किशोरी, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु, बालबालिका, बृद्धबृद्धाहरूलाई संरक्षण गर्ने, उनीहरूको आवश्यकता बमोजिमका सरसामानहरू जस्तैः सेनेटरी प्याड, खेलकुदका सामान आदि उपलब्ध गराउने, घरपरिवारका सदस्य गुमाएकाहरू तथा विपद्का कारण त्रसित व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा दिने र हिंसामुक्त वातावरण सिर्जना गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नु पर्दछ। विद्यालयहरू क्षति भएमा वा

भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गर्ने अवस्था नभएमा तत्काल शैक्षिक निरन्तरताको लागि वैकल्पिक व्यवस्था गर्ने र सामान्य अवस्थामा यसको लागि पूर्वतयारी तथा सुरक्षित विद्यालय कार्यढाँचालाई कार्यान्वयन गर्न सहयोग गर्ने, वैकल्पिक सिकाइ निरन्तरताको लागि उपयुक्त ठाउँको पहिचान गरी आवश्यक सामग्रीहरूको तयारी गर्ने, सुरक्षित सिकाईको वातावरण तयार गरी शैक्षिक गतिविधिहरूलाई निरन्तरता दिने, संरक्षण तथा शिक्षा क्षेत्रको क्षति र आवश्यकताको लेखाजोखा गरी पुनर्स्थापन र पुनर्निर्माणमा सहयोग गर्ने र विद्यालय मार्फत स्वास्थ्य संकट एवम् विपद् सुरक्षा सम्बन्धी चेतना समुदायमा विस्तार गर्न सहयोग गर्ने यस विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो । गाउँपालिकाको सामाजिक विकास समितिको संयोजकले यस विषयगत क्षेत्रको नेतृत्व गर्दछन् भने शिक्षा शाखा प्रमुख सदस्य सचिव रहन्छन् । गाउँपालिकामा रहेका संरक्षण तथा शिक्षा क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधिहरू यस विषयगत क्षेत्रको सदस्य रहन्छन् ।

### २.१०.६ विपद् लेखाजोखा एवम् सूचना व्यवस्थापन विषय क्षेत्र

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना तर्जुमा गर्न विपद्सँग सम्बन्धित र अन्य सामाजिक आर्थिक तथ्याङ्कको आवश्यकता पर्दछ । अझ विपद् पश्चात खोज उद्धार राहत र प्रतिकार्यका कामहरू अघि बढाउन विपद्को सामान्य तथा विषयगत क्षतिको तथ्याङ्क आवश्यक पर्दछ । यस विषय क्षेत्रले विपद्को क्षति तथा नोक्सानीको लेखाजोखा गर्ने यी सूचनाहरूलाई व्यवस्थापन गर्ने र विषयगत क्षेत्रका विवरणहरू सम्बन्धित क्षेत्रलाई उपलब्ध गराई पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनमा सहयोग गर्दछ । वडा स्तरीय विपद् व्यवस्थापन समिति, वडा कार्यालय र स्थानीय सुरक्षा निकायसँग समन्वय गरी प्रारम्भिक द्रुत लेखाजोखा गरी तत्काल विपद्को क्षतिको सूचना संकलन गर्ने संयन्त्र विकास गर्ने । क्षतिको प्रारम्भिक लेखाजोखा तथा क्षेत्रगत आवश्यकता लेखाजोखा गर्न गृह मन्त्रालयले तयार गरेको विपद् लेखाजोखा मार्गदर्शनको आधारमा आवश्यक फारम तयार गर्ने र तालिम दिई जनशक्ति तयार गर्ने । क्षतिको लेखाजोखाको आधारमा प्रभावितहरूको वर्गीकरण गरी परिचयपत्र उपलब्ध गराउन स्थानीय विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने । विपद्का सूचनाहरू गाउँ आपत्कालीन कार्य सञ्चालन केन्द्रमा व्वस्थापन गर्ने र निर्धारित प्रक्रिया बमोजिम जिल्ला, प्रदेश तथा केन्द्रीय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा अदान प्रदान गर्ने यस विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो । यस विषयगत क्षेत्रको नेतृत्व वन वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजनकले गर्नेछन भने स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र हेर्ने अधिकृत सदस्य सचिवको रुपमा रहनेछन् । नेपाल रेडक्रस सोसाइटी लगायत विपद् लेखाजोखा क्षेत्रमा अनुभव भएका र स्वयम् सेवक परिचानल गर्ने क्षमता भएका स्थानीय संस्थाहरू यसका सदस्यका रुपमा रहनेछन् ।

### २.१०.७ जीविकोपार्जन, पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषय क्षेत्र

यस विषयगत क्षेत्रले विपद्को कारण अवरूद्ध हुन पुगेका अत्यावश्यक सेवाहरू (जस्तैः सडक, विद्युत, खानेपानी, टेलिफोन) तत्काल सुचारू गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकायका कार्यालयहरूमा क्षति पुगेमा वैकल्पिक व्यवस्था गर्ने, सामाजिक आर्थिक पूर्वाधार र अवस्थालाई चलायमान बनाई जनजीवनलाई

सामान्य बनाउने जिम्मेवारी निर्वाह गर्दछ । विपद् पश्चात विस्थापितहरूलाई तत्काल अस्थायी आश्रयस्थल व्यवस्थापन गर्न तथा आवास, खानेपानी, सरसफाई लगायतका अस्थायी पूर्वाधार तयार गर्न सहयोग गर्दछ । त्यसैगरी पुनर्स्थापनको चरणमा स्थायी संरचनाहरू पुनर्निर्माण नहुँदासम्मको लागि अस्थायी संरचना तथा पूर्वाधार तयार गर्ने काम गर्दछ । आपत्कालीन अवस्थामा पूर्वाधार क्षति भएर आवतजावत अवरूद्ध भएमा सेवा सुचारू गर्नका लागि तत्काल अस्थायी पूर्वाधार तयार गर्ने । प्रभावित समुदायसम्म राहत तथा प्रतिकार्यको पहुँच सहज बनाउन तत्काल अस्थायी पूर्वाधारहरूको विकास गर्ने । गाउँपालिकाले कुनै पनि पूर्वाधार निर्माण गर्दा मापदण्ड बमोजिम र विपद् सुरक्षित भएको सुनिश्चित गर्ने । आपत्कालीन प्रयोजनका लागि अस्थायी आश्रयस्थल, त्यसमा आवश्यक खानेपानी तथा सरसफाईका पूर्वाधारहरू तयार गर्ने । विपद्बाट क्षति भएका संरचना तथा पूर्वाधारहरूको पुननिर्माण गर्दा बहुप्रकोपको जोखिमबाट सुरक्षित स्तरीय मापदण्ड अनुसार भएको सुनिश्चित गर्ने । यस विषयगत क्षेत्रको काम विपद्को तत्कालको अवस्थादेखि पुनर्निर्माणको काम नसकिँदासम्म लामो समयसम्म पनि चल्न सक्छ र विपद् व्यवस्थापनका चारबटै चरणमा काम गर्नुपर्ने हुन्छ । यस विषयगत क्षेत्रको नेतृत्व पूर्वाधार विकास समितिको संयोजकले गर्नेछन् भने पूर्वाधार विकास शाखा प्रमुख यसको सदस्य सचिवको रूपमा रहनेछन् । माथि उल्लिखित विषयगत क्षेत्रको नेतृत्व र सदस्य संस्थाहरूको विवरण अनुसूची-२ मा राखिएको छ ।

Draft

# परिच्छेद तीन : पूर्वतयारी तथा प्रतिकार्य योजना

## 3.1 सामान्य पूर्वतयारी योजना

खार्पुनाथ गाउँपालिका बहुप्रकोपको जोखिममा छ । विपद्को सम्भावना र त्यसबाट हुनसक्ने जनधनको क्षति कम गर्न र पर्याप्त पूर्वतयारी गरी विपद् एवम् स्वास्थ्य संकट प्रतिकार्य क्षमता सुदृढ गर्न गाउँ विपद् व्यवस्थापन समितिले पूर्वतयारीका विभिन्न गतिविधिहरू नियमित रूपमा गर्नुपर्ने हुन्छ । विपद् पूर्वतयारी र विपद् एवम् स्वास्थ्य संकट व्यवस्थापनलाई विकासका गतिविधिहरूमा जोडेर जोखिमका स्रोतहरूको न्यूनीकरण गर्दै प्रतिकार्यका लागि आधार तयार गर्न सामान्य पूर्वतयारीका रूपमा देहाय बमोजिमको कार्ययोजना तयार गरिएको छ ।

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका स्तरिय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना गरी सञ्चालन गर्ने | तत्काल | गाउँपालिका | १ | गाउँ विपद् व्यवस्थापन समिति |
| ३ | गाउँपालिका स्तरिय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा सञ्चार एवम् खोज उद्धार तथा प्राथमिक उपचार सामग्रीको प्रवन्ध गर्ने | तत्काल | गाउँपालिका | १ | गाउँ विपद् व्यवस्थापन समिति |
| ४ | गाउँपालिकाका सबै वडामा समुदायमा आधारित खोज उद्धार कार्यदल गठन गर्ने | तत्काल | वडा | प्रत्येक वडामा | वडा विपद् व्यवस्थापन समिति |
| ५ | प्रदेश र केन्द्रीय तहसँग समन्वय हुने गरी विपद् जोखिम न्यूनीकरण वेभ पोर्टल विकास गरि सञ्चालन गर्ने | तत्काल | गाउँपालिका | १ | गाउँ विपद् व्यवस्थापन समिति |
| ६ | विपद् पश्चातको आवश्यकताको लेखाजोखाको लागि आधुनिक सूचना प्रविधिको उपयोग गरेर द्रुत आँकलन प्रणाली प्रक्रिया तयार गर्ने | तत्काल | गाउँपालिका | १ | गाउँ विपद् व्यवस्थापन समिति |
| ७ | आपत्कालीन अस्थायी आश्रयस्थलको लागि गाउँमा खुला क्षेत्र पहिचान गर्ने | तत्काल | गाउँपालिका | १ | गाउँ विपद् व्यवस्थापन समिति |
| ८ | प्रत्येक सार्वजनिक, सरकारी र व्यावसायिक भवनमा आपत्कालीन निकासी मार्ग (Evacuation Route) र आपत्कालीन भेला हुने स्थान (Assembly Point) छुट्याई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने, गराउने | २०८० असार | सबै सम्बन्धित संस्थाहरु | | सम्बन्धित कार्यालय |

Draft

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | वडामा भएका सामुदायिक भवनहरूमा आपत्कालीन अस्थायी आश्रयस्थल तथा क्वारेन्टिन सञ्चालनको लागि सडक खानेपानी सरसफाइका पूर्वाधार तयार गर्ने | २०८० असोज | पहिचान गरिएका स्थानहरू | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा |
| १० | प्रत्येक वडामा आपत्कालीन आश्रयस्थल तथा क्वारेन्टिन / आइसोलेसन सेन्टर मा प्रयोग गर्न सकिने सुरक्षित सामुदायिक भवनको पहिचान / निर्माण गर्ने | नियमित | वडा | प्रत्येक वडामा कम्तिमा एउटा | पूर्वाधार विकास शाखा<br>वडा कार्यालय |
| ११ | विपद्बाट हुने मानवीय क्षति बाली पशु, घर तथा सम्पतिको लागि कार्यबिधि बनाई बीमा गर्न प्रोत्साहन गर्ने | २०८० असोज | गाउँपालिका क्षेत्र | | गाउँ विपद् व्यवस्थापन समिति |
| १२ | विपद् जोखिम व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरु, स्थानीय गैर सरकारी संस्थाहरु, स्थायी प्रकृतिका उपभोक्ता समितिहरु र नागरिक संस्थाहरुबीच सहकार्यको लागि संयन्त्र तयार गर्ने | २०७९ फागुन | गाउँपालिका क्षेत्र | | गाउँ / वडा विपद् व्यवस्थापन समिति |
| १३ | गाउँपालिका क्षेत्रका प्रमुख प्रकोपहरु (भूकम्प, बाढी, आगलागी र पहिरो, महामारी नियन्त्रण) को लागि परिदृष्यमा आधारित कृतिम घटना अभ्यास नियमित सञ्चालन गर्ने | नियमित | गाउँपालिका क्षेत्र | वार्षिक | गाउँ विपद् व्यवस्थापन समिति |
| १४ | गाउँपालिकाको स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना वार्षिक रूपमा अद्यावधिक गर्ने | नियमित | गाउँपालिका | वार्षिक | गाउँ विपद् व्यवस्थापन समिति |
| १५ | सबै विषयगत क्षेत्रको कार्यतालिका बनाएर नियमित बैठक बस्ने | नियमित | गाउँपालिका | तीन तीन महिनामा | सबै विषयगत क्षेत्र |

## ३.२ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

यस गाउँपालिकामा पर्न सक्ने विपद् त्यसको पूर्वानुमानित आँकलनका आधारमा देहाय बमोजिम सात वटा विषयगत क्षेत्रको पूर्वतयारीका कार्यहरु निर्धारण गरिएको छ । उक्त क्रियाकलापहरू कार्यान्वयनको जिम्मेवारी सम्बन्धित विषयगत क्षेत्रको हुनेछ भने आवश्यकता अनुसार अन्य निकाय वा क्षेत्रसँग समन्वय गरी काम गर्नेछन् ।

### ३.२.१ समन्वय, खोज तथा उद्धार विषय क्षेत्र

| क्र.सं. | पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १ | वडा तहमा गठन भएका खोज उद्धार टोलीलाई तालिम दिएर प्रथम सामुदायिक उद्धारक (First Community Responders) तयार गर्ने | २०७९ माघ | वडा | ८ | सुरक्षा निकाय, नेपाल रेडक्रस |
| २ | खोज उद्धारका लागि आवश्यक उपकरण सामग्रीहरुको आवश्यकता आँकलन गरी खरिद गर्ने | २०७९ माघ | गाउँपालिका | १ | सुरक्षा निकाय, नेपाल रेडक्रस |
| ३ | खोज उद्धार टोली परिचालनको लागि न्यूनतम् खोज उद्धार सामग्री खरिद गरी तयारी अवस्थामा राख्ने | २०७९ फागुन | वडा | ८ | सुरक्षा निकाय, वडा कार्यालय |
| ४ | खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सवारी साधनहरू र एम्बुलेन्सहरूको सूची र सम्पर्क व्यक्तिको विवरण तयार गर्ने | नियमित | गाउँपालिका | १ | सम्बन्धित संस्था |
| ५ | सबै विषयगत क्षेत्रका सदस्यहरू तथा सरोकारवाला निकाय र संस्थाहरूको सम्पर्क ठेगाना अद्यावधिक राख्ने | नियमित | गाउँपालिका | १ | सबै विषयगत क्षेत्र |

### ३.२.२ प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषय क्षेत्र

| क्र.सं. | पूर्वतयारीका क्रियाकलापहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १ | गाउँपालिकाका सबै वडामा स्थानीय स्वास्थ्य संस्थाको समन्वयमा द्रुत प्रतिकार्य टोली (RRT) गठन गर्ने | तत्काल | वडा | हरेक वडामा एक | वडा विपद् व्यवस्थापन समिति |
| २ | गाउँका सबै स्वास्थ्य संस्थाहरूमा आपत्कालीन प्रयोजनको लागि औषधिको 'बफर स्टक' व्यवस्थापन गर्ने र औषधि उपलब्ध भएको सुनिश्चित गर्ने | नियमित | वडा | स्वास्थ्य संस्था अनुसार | सम्बन्धित स्वास्थ्य संस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | वडा तहमा प्राथमिक उपचार कार्यदल गठन गर्ने | तत्काल | वडा | हरेक वडामा एक | वडा विपद् व्यवस्थापन समिति |
| ४ | स्वास्थ्यकर्मी, महिला स्वयं सेविका र वडा स्तरीय कार्यदलका सदस्यहरुको लागि प्राथमिक उपचार तालिम सञ्चालन गर्ने | नियमित | वडा | ८ | नेपाल रेडक्रस सोसाइटी |
| ५ | समुदायमा जनस्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | | गाउँपालिका | | |
| ६ | विपद्को समयमा गर्भवती तथा सुत्केरी महिला र बालबालिकाहरुमा पोषण आवश्यकता पूर्तिका लागि पुरक खाना आवश्यकताको आँकलन गर्ने | | गाउँपालिका | | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| ७ | आपत्कालीन अवस्थामा घाइतेहरूको थप उपचारको लागि रिफरल प्रकृया तय गर्ने | | गाउँपालिका | १ | गाउँ विपद् व्यवस्थापन समिति |

### ३.२.३ आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामग्री एवम् बन्दोबस्ती विषय क्षेत्र

| क्र.सं. | पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १ | अस्थायी आश्रय स्थल, खाद्य तथा गैर खाद्य सामग्री र राहत व्यवस्थापन विषयगत क्षेत्रका सदस्य संस्थाहरूको सम्पर्क ठेगाना अद्यावधिक राख्ने | नियमित | गाउँपालिका | १ | सम्बन्धित संस्था |
| २ | गाउँमा भएका हेभी इक्वीपमेन्ट, ढुवानीका साधनहरु तथा सवारी साधनहरुको लगत तयार गरी आपत्कालीन अवस्थामा प्रयोग गर्न निजी क्षेत्रसँग सम्झौता गर्ने | २०७९ फागुन | गाउँपालिका | १ | सम्बन्धित संस्था |
| ३ | गाउँपालिकामा कम्तिमा प्रत्येक वडामा १०० परिवारको लागि आवश्यक पर्ने गैर खाद्य सामग्री सेटको स्टक राख्ने | २०७९ फागुन | वडा | ८ | नेपाल रेडक्रस |
| ४ | प्रत्येक वडामा कम्तिमा १०० परिवारका लागि अस्थायी आश्रयको लागि बहुप्रकोपबाट सुरक्षित स्थान पहिचान गरी राख्ने | २०७९ असोज | वडा | ८ | वडा कार्यालय |
| ५ | गाउँमा कम्तिमा ३०० परिवार तथा १५०० जनसंख्याको लागि आवश्यक पर्ने गैर खाद्य सामग्री भण्डारणको क्षमता भएको गोदामघरको व्यवस्था गर्ने | २०७९ फागुन | गाउँपालिका | १ | |
| ६ | पहिचान गरिएको स्थानमा अस्थायी आश्रयस्थलका लागि आवश्यक पूर्वाधार, खानेपानी, सरसफाइको प्रवन्ध तथा तत्काल टहरा बनाउन सक्ने व्यवस्था गर्ने | २०७९ फागुन | गाउँपालिका | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा |

Draft

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | पहिचान गरिएका वा तयार गरिएका अस्थायी आश्रयस्थलका संरचना र सुविधाहरू महामारीको समयमा क्वारेन्टिन एवं आइसोलेसन केन्द्रको रुपमा प्रयोग गर्न सक्ने र स्वास्थ्य सेवा सञ्चालन गर्न मिल्ने गरी विकास गर्ने | २०७९ फागुन | गाउँपालिका | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा |

### ३.२.५ संरक्षण तथा शिक्षा विषय क्षेत्र

| क्र.सं. | पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १ | सबै विषयगत क्षेत्रलाई महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको संरक्षणका तरिकाहरू बारे जानकारी दिने | निरन्तर | गाउँपालिका | सबै विषयगत क्षेत्र | महिला तथा बालबालिका शाखा |
| २ | विपद्को समयमा संरक्षण एवम् सुरक्षाका लागि चाहिने सामग्रीहरू खरिद गरी भण्डारण गर्ने | निरन्तर | गाउँपालिका | अनुमानित आँकलन अनुसार | महिला तथा बालबालिका शाखा |
| ३ | विद्यालयका शिक्षक र महिला स्वास्थ्य स्वयंसेविकालाई आधारभूत मनोसामाजिक परामर्श सम्बन्धी तालीम दिने | निरन्तर | गाउँपालिका | सबै वडा र सबै विद्यालयहरू | नेपाल रेडक्रस सोसाइटी |
| ४ | सबै विद्यालयमा विद्यालय सुरक्षा कार्यन्वयन कार्यविधि बमोजिम सुरक्षित विद्यालयका न्यूनतम् गतिविधि सञ्चालन गर्न सहजीकरण गर्ने | | विद्यालय | सबै विद्यालय | |
| ५ | विद्यालयहरूको संकटासन्नता तथा क्षमता लेखाजोखाको लागि सहयोग गर्ने | | विद्यालय | सबै विद्यालय | |
| ६ | विद्यालयहरूलाई सिकाई निरन्तरता र पूर्वतयारी सहितको विद्यालय सुरक्षा योजना तयार गरी कार्यान्वयन गर्न सहयोग गर्ने | | विद्यालय | सबै विद्यालय | |
| ७ | विद्यालय व्यवस्थापन समिति तथा प्रअहरुलाई विद्यालय सुरक्षा सम्बन्धी तालिम दिने | | विद्यालय | | |
| ८ | कृतिम घटना तथा सिमुलेसन अभ्यास सञ्चालन गर्न गाउँपालिका र विद्यालयहरूसँग समन्वय गर्ने | | विद्यालय | | |
| ९ | बैकल्पिक सिकाई सञ्चालनका लागि कार्यविधि र सामग्री तयारी अवस्थामा राख्ने | | गाउँपालिका | | |

Draft

| | | | | | |
|---|---|---|---|---|---|
| १० | सबै विद्यालयहरूमा अस्थायी सिकाई केन्द्र सञ्चालनका लागि आवश्यक सामग्रीहरू तयारी अवस्थामा राख्ने प्रवन्ध गर्ने | | विद्यालय | | |
| ११ | संरक्षण तथा शिक्षा विषयगत क्षेत्रका सदस्यहरूको सम्पर्क अद्यावधिक गर्ने | २०७९ चैत्र | | | |

### ३.२.६ विपद् लेखाजोखा एवम् सूचना व्यवस्थापन विषय क्षेत्र

| क्र.सं. | पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १ | गाउँ आपत्कालीन कार्य सञ्चालन केन्द्र मार्फत विपद् सम्बन्धी सूचना सङ्कलन, व्यवस्थापन र प्रसारणको व्यवस्था मिलाउने | | गाउँपालिका | १ | जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| २ | वडा तहमा विपद् लेखाजोखा टोली तयार गर्ने | २०८० असार | वडा | सबै | नेपाल रेडक्रस |
| ३ | विपद् लेखाजोखा टोलीका सदस्यहरूलाई विपद् लेखाजोखा सम्बन्धी तालिम दिने | | | | नेपाल रेडक्रस |
| ४ | समुदाय स्तरमा विपद्को समयमा सूचना प्रवाह गर्न SMS मार्फत सूचना प्रसार गर्ने समूहगत प्रणालीको विकास गर्ने | २०८० असार | गाउँपालिका | | मोवाइल सेवा प्रदायक |
| ५ | स्थानीय रेडियो एफ एम तथा अन्य सामाजिक मिडियाबाट जनचेतना मूलक सन्देशहरू प्रवाह गर्ने | निरन्तर | गाउँपालिका | | पत्रकार महासंघ |
| ६ | गाउँपालिकाको विपद् सम्बन्धि सम्पूर्ण सूचना तथा गतिविधिहरू नियमित अद्यावधिक गर्ने | निरन्तर | गाउँपालिका | | |
| ७ | विपद् सूचना प्रवाह प्रकृया तय गरी वस्तीमा भएका घटनाको तत्काल स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा अद्यावधिक हुने प्रवन्ध मिलाउने | निरन्तर | गाउँपालिका | | |

Draft

## 3.3 आपत्कालीन प्रतिकार्य (कार्यविधि) योजना

आपत्कालीन प्रतिकार्य योजनामा विपद्को समय र विपद् पश्चात् तुरुन्तै चाल्नुपर्ने खोज, उद्धार, उपचार एवम् जोखिम क्षेत्रबाट प्रभावितहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण, राहत वितरणका र विपद् लेखाजोखा तथा सूचना व्यवस्थापन र संप्रेषणका क्रियाकलापहरू सहित प्रत्येक विषयगत क्षेत्र परिचालनको समय तालिका सहितको कार्यविधि समावेश गरिएको छ । यसका लागि देहाय बमोजिमका क्रियाकलापहरू तर्जुमा गरिएको छ:

### ३.३.१ समग्र व्यवस्थापन, खोज तथा उद्धार विषय क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | गाउँ विपद् व्यवस्थापन समिति आकस्मिक बैठक बसी हरेक विषयगत क्षेत्रलाई तयारी अवस्थामा रहन निर्देशन दिने | गाउँ विपद् व्यवस्थापन समिति |
| | २ | समन्वय खोज तथा उद्धार विषयगत क्षेत्रको आकस्मिक बैठक बस्ने | गाउँ विपद् व्यवस्थापन समिति |
| | ४ | खोज उद्धार र सुरक्षाको लागि उद्धारकर्मी, सुरक्षाकर्मी परिचालन गर्ने | सुरक्षा निकाय |
| | ५ | खोज तथा उद्धारका लागि आवश्यक सामग्री र यातायातको बन्दोबस्त गर्ने | बन्दोबस्ती विषय क्षेत्र |
| | ६ | घाइतेहरूको शिघ्र उद्धार गर्ने र वेपत्ताहरूको खोजी कार्यलाई तीब्रता दिने | सुरक्षा निकाय |
| | ७ | सम्भावित जोखिम क्षेत्रका समुदायको सुरक्षित स्थानान्तरण गर्ने | सुरक्षा निकाय, वडा समिति |
| | ८ | घाइतेहरूको तत्काल प्राथमिक उपचारका लागि आवश्यक समन्वय गर्ने | स्वास्थ्य विषयगत क्षेत्र |
| | ९ | मृतकहरूको पहिचान गरी मुचुल्का गरेर शव आफन्त जिम्मा लगाउने | वडा समिति |
| २४ घण्टा देखि ७ दिन | १० | खोज उद्धार कार्यलाई आवश्यकता अनुसार निरन्तरता दिने | सुरक्षा निकाय |
| | ११ | २४ घण्टाको कामको समीक्षा गरी थप खोज उद्धार कार्य अघि बढाउने | सुरक्षा निकाय |
| | १२ | प्रभावितहरूको व्यक्तिगत सम्पत्ति तथा सार्वजनिक सम्पत्तिको सुरक्षाको लागि सुरक्षाकर्मी परिचालन गर्ने | सुरक्षा निकाय |
| | १३ | आवश्यकता अनुसार शव व्यवस्थापन कार्यलाई निरन्तरता दिने | सुरक्षा निकाय |

| | | | |
|---|---|---|---|
| | १४ | बहु क्षेत्रगत प्रारम्भिक द्रुत लेखाजोखा गर्नको लागि सबै विषयगत क्षेत्रलाई समन्वय तथा परिचालन गर्ने | सुरक्षा निकाय |
| | १५ | विपद्को घटनाको प्रकृति हेरी आवश्यकता अनुसार जिल्ला प्रदेश तथा सङ्घीय सरकारसँग समन्वय गर्ने | |
| ७ दिनदेखि १ महिना | १६ | आवश्यकता अनुसार खोज उद्धार कार्यलाई निरन्तरता दिने | सुरक्षा निकाय |
| | १७ | विपदमा हराएका वा नष्ट भएका अत्यावश्यक दस्तावेजहरुको लगत सङ्कलन गर्ने | सुरक्षा निकाय<br>वडा समिति |
| | १८ | हराएका वा नष्ट भएका कागजातहरुको पुनर्निमार्ण तत्काल गर्ने | वडा कार्यालय |
| | १९ | विषय क्षेत्रगत विस्तृत लेखाजोखाको आधारमा विपदबाट भएको क्षतिको लागि पुनर्स्थापना योजना तयार गर्न समन्वय गर्ने | सबै विषयगत क्षेत्र |
| | २० | विपद् पश्चातको आवश्यकता लेखाजोखाको आधारमा गाउँपालिकाको पुनर्निमाण योजना तयार गर्न समन्वय गर्ने | सबै विषयगत क्षेत्र |

### ३.३.२ प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषय क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | गाउँ विपद् व्यवस्थापन समिति |
| | २ | घाइतेको खोज उद्धारसँगै प्राथमिक उपचारका लागि प्राथमिक उपचार टोली परिचालन गर्ने | खोज उद्धार कार्यदल |
| | ३ | विपद् प्रभावित क्षेत्रमा प्राथमिक उपचार डेस्क स्थापना गरी सेवा सञ्चालन गर्ने | बन्दोबस्ती विषय क्षेत्र |
| | ४ | गम्भीर अवस्थाका घाइतेहरूलाई थप उपचारको लागि रिफर गर्ने | गाउँ विपद् व्यवस्थापन समिति |
| | ५ | दीर्घ रोगीहरू पहिचान गरी उनीहरूको लागि औषधि तथा उपचार सेवा उपलब्ध गराउने | विपद् लेखाजोखा विषयगत क्षेत्र |

Draft

| | | | |
|---|---|---|---|
| २४ घण्टा देखि ७ दिन | ६ | मापदण्ड अनुसार शुद्ध पिउने पानी र प्रभावितहरूको अवस्था अनुसार पोषणयुक्त खानाको सुनिश्चतता गर्ने | खाद्य विषयगत क्षेत्र |
| | ७ | विपद् प्रभावित क्षेत्र तथा अस्थायी आश्रयस्थलमा नियमित औषधि उपचारका साथसाथै गर्भवती जाँच, सुत्केरी र परिवार नियोजन सेवालाई निरन्तरता दिने | बन्दोबस्ती विषय क्षेत्र |
| | ८ | मनोसामाजिक परामर्श सेवा सञ्चालनलाई आवश्यकता अनुसार निरन्तरता दिने | संरक्षण विषय क्षेत्र |
| | ९ | अस्थायी आश्रयस्थल तथा प्रभावित समुदायमा महामारीजन्य विपद् फैलिन नदिन थोकथामका उपायहरू अपनाउने | खानेपानी तथा सरसफाई विषयगत क्षेत्र |
| | १० | स्वास्थ्य तथा पोषण क्षेत्रको विषयगत आवश्यकता लेखाजोखा गरी पुनर्स्थापन योजना तयार गर्ने | विपद् लेखाजोखा तथा सूचना व्यवस्थापन क्षेत्र |
| ७ दिन देखि १ महिना | ११ | आवश्यकता अनुसार स्वास्थ्य उपचार र सेवा प्रवाहलाई निरन्तरता दिने | स्वास्थ्य संस्थाहरू |
| | १२ | थप महामारी फैलिन नदिन रोकथामका उपायहरू निरन्तर गर्ने | खानेपानी तथा सरसफाई विषयगत क्षेत्र |
| | १३ | स्वास्थ्य क्षेत्रको विपद् पछिको आवश्यकताको लेखाजोखा गरी पुनर्निमाण योजना तयार गर्ने | पुनर्निर्माण विषयगत क्षेत्र |

### ३.३.३ आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामग्री एवम् बन्दोबस्ती विषय क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | अस्थायी आश्रय स्थल, खाद्य तथा गैर खाद्य सामग्री र राहत व्यवस्थापन विषयगत क्षेत्रको आकस्मिक बैठक बोलाउने र अवस्था विश्लेषण गर्ने, प्रभावित हुनसक्ने जनसंख्यको आँकलन गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | २ | विस्थापितहरूको लागि तत्काल अस्थायी बसोबासको प्रवन्ध गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | ३ | प्रारम्भिक द्रुत लेखाजोखाको लागि आवश्यक बन्दोबस्त गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |

Draft

| | | | |
|---|---|---|---|
| | ४ | उद्धारकर्मी, स्वास्थ्यकर्मी तथा घाइतेहरुको ओसार पसार र राहत सामग्रीको ओसार पसार गर्नको लागि यातायातका साधनहरुको प्रवन्ध गर्ने | खोज उद्धार विषयगत क्षेत्र |
| | ५ | विस्थापित तथा अस्थायी आश्रयस्थलमा रहेका सबै परिवारको लागि तत्काल खान मिल्ने खाद्य सामग्री उपलब्ध गराउने | |
| | ६ | विपद् प्रभावितहरूलाई गर्मीको समयमा झुल र जाडोको समयमा न्यानो कपडाको प्रवन्ध गर्ने | |
| २४ घण्टा देखि ७ दिन | ७ | प्रारम्भिक द्रुत लेखाजोखा (Initial Rapid Need Assessment-IRNA) आधारमा आगामी एक महिनाको लागि खाद्य तथा गैर खाद्य आवश्यकताको आँकलन गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| | ८ | प्रभावितहरूको लागि अस्थायी आश्रय स्थलमा बसोबासको प्रवन्ध गर्ने कार्यलाई निरन्तरता दिने | |
| | ९ | आश्रय स्थलमा शौचालय, खानेपानी, सरसफाई तथा औषधि उपचारको लागि अन्य विषयगत क्षेत्रसँग समन्वय गर्ने | खानेपानी सरसफाई र स्वास्थ्य विषयगत क्षेत्र |
| | १० | विस्थापित तथा अस्थायी आश्रयस्थलमा रहेका सबै परिवारको लागि खाद्य सामग्री, खाना पकाउने भाँडाकुँडा र ओढ्ने ओछ्याउने सामग्री उपलब्ध गराउने | |
| | ११ | अपांगता भएका व्यक्ति एकल महिला र पुरुषका लागि उपयुक्त आश्रय स्थलको प्रवन्ध गर्ने | संरक्षण विषयगत क्षेत्र |
| | १२ | विपद्को कारण आघातमा रहेका व्यक्तिहरूलाई आश्रयस्थलमा नै मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने प्रवन्ध गर्ने | संरक्षण विषयगत क्षेत्र |
| | १३ | अस्थायी आश्रयस्थलमा बालबालिकालाई खेल्ने ठाउँको प्रवन्ध गर्ने | संरक्षण तथा शिक्षा विषयगत क्षेत्र |
